# परिच्छेद एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

शिक्षा मानव जीवनका लागि अपरिहार्य बस्तु हो । शिक्षा जीवनपर्यन्त चलिरहने एक गतिशील प्रक्रिया हो । शिक्षा विना मानव जिवन औचित्यहीन बन्न जान्छ । शिक्षाले मानवलाई सभ्य र सामाजिक प्राणीमा रूपान्तरण गर्न सहयोग गर्दछ । शिक्षाको विकासनै देश विकासको इन्जिन हो । यसको अभावमा आधुनिक समाजको परिकल्पना गर्न समेत सकिन्न । एकाइसौं शताब्दीमा विश्व ज्ञान, विज्ञान र प्रविधिको विकासको नया चरणमा प्रवेश गरेको छ । विश्वलाई विकासको द्रूत गतितिर धकेल्न शिक्षाको ठूलो हात छ । शिक्षाले आजको प्रतिस्पर्धी विश्वलाई उन्नतिको बाटोमा लैजान सक्ने सक्षम र समयले मागेको आर्दशवान नागरिक तयार गर्न सक्दछ । ( श्रेष्ठ, २०६६)

मानव सभ्यताको सुरुवात देखि नै प्रत्यक्ष, अप्रत्यक्ष रूपमा शिक्षाको विकास हुदै आएको मानिन्छ । समयको गतिसंगै धेरै उतारचढावहरु पारगर्दै नेपालको शिक्षा प्रणाली आजको स्थिति सम्म आइपुगेको छ । नेपालमा  शिक्षाको विकास वि.सं. १९१० सालमा राणा प्रधानमन्त्री जङ्गवहादुरले गरे । उनले अंग्रेजी प्रारम्भिक स्कुलको स्थापना गरी शिक्षाको औपचारिक सुरुवात गरेका थिए । प्राचीन संस्कृत र वौद्ध शिक्षाको परम्परामा संस्थागत शिक्षाको नयाँ जग बसाल्ने काममा यही अंग्रेजी शिक्षा पहिलो भएको देखिन्छ । तर वास्तविक अर्थमा शिक्षा क्षेत्रमा सुधारको कार्य वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय पछि मात्रै भएको पाइन्छ । (अधिकारी, २०६६)

शिक्षाको मेरुदण्ड पाठ्यक्रम हो । कुनै पनि शैक्षिक कार्यक्रमलाई ब्यवस्थित र योजनावद्ध ढङ्गले सञ्चालन गर्न तथा तोकिएको उद्देश्यहरू पुरा गर्न तयार पारिएको एउटा विस्तृत योजनालाई पाठ्यक्रम भनिन्छ । अर्थात् निर्धारित सिकाई उपलब्धिहरू प्राप्तिका लागि विद्यार्थीलाई विभिन्न अनुभवहरु हासिल गराउन निश्चित दिशा दिने कार्यक्रमनै पाठ्यक्रम हो । यसमा सिकाईको उद्देश्य,  उद्देश्य प्राप्तिका लागि दिइने अनुभव, शिक्षण विधि र उद्देश्य, प्राप्त भए नभएको हेर्न प्रयोग गरिने मूल्याङ्कन आदि पर्दछन् । नेपालमा वि.सं. २००७ सालमा प्रजातन्त्रको उदय भएपछिमात्र योजनाबद्ध पाठ्यक्रमको थालनी हुन गएको हो । ( शर्मा, २०६५)

### १.१.१ सामाजिक अध्ययनको परिचय

मानिस एक सामाजिक प्राणी हो । समाजको प्राकृतिक, सामाजिक, आर्थिक, सांस्कृतिक , राजनैतिक तथा अन्य वातावरणबाट प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा मानिस प्रभावित हुन्छ । मानिसलाई आवश्यकता अनुसार त्यो वातावरणमा समायोजित भएर जिवन निर्वाह गर्ने सम्बन्धित पक्षमा ज्ञान, सीप, कौशलताको विकास गर्न शिक्षाको आवश्यकता पर्दछ । समाजमा एक असल नागरिक भएर जिवन यापन गर्न सामाजिक मूल्य, मान्यता, चालचलन, संस्कृति, भेषभुषा, समाजिक समायोजनामा सहजता हुन सक्ने ज्ञान, सीपको विकास हुने र भोलिका दिनमा आउने विभिन्न सामाजिक अवसरहरूको प्रयोगका साथसाथै आइपर्ने विभिन्न चुनौती वा समस्याहरूको सामना गर्ने र समाज के हो ? समाजका मुल्य ,मान्यता, विगतमा घटेका घटना, राष्ट्रिय अन्तराष्ट्रिय शान्ति सम्झौता, समायोजित भएर परिवर्तनशील समाजमा जीवन यापन गर्न सिकाउने एउटा आदर्श नागरिक तयार गर्ने काम सामाजिक अध्ययनले गर्दछ । (आधारभूत तथा प्राथमिक शिक्षा परियोजना, २०५३)

सामाजिक अध्ययनको बारेमा जान्नुभन्दा पहिला समाजको बारेमा जान्नु जरुरी हुन्छ । समाज भनेको साझा उद्देश्य प्राप्तिका लागि साझा हक अधिकारका लागि तयार रहेको मानिसको समूह नै समाज हो । समाज मानिसको मात्र हुन्छ भन्न सकिदैन, हरेक प्राणीको समाज हुन्छ । समाजका हितका लागि सवैले सहकार्यका साथ अघि बढ्दछन् । मानिस समाज विना बाच्न सक्दैन । दैनिक जीवन यापन गर्न उसलाई समाज चाहिन्छ । समाजको उत्पत्ति र विकासलाई हेर्दा जंगली युगबाट सुरू भएको मानिसको विकासक्रम विस्तारै धर्म, संस्कृति , परम्परा, समाजिक संरचना जस्ता पक्षमा क्रमिक विकास हुंदै जाँदा अहिलेको अवस्थामा हाम्रो समाज आइपुगेको छ । समाजमा भइरहने विभिन्न क्रियाकलाप, ती गतिविधिसंग समायोजन भएर जिवन निर्वाह गर्ने बारेमा सचेत गराउन शिक्षाको माध्यमद्वारा बालबालिकामा चेतना पुऱ्याउने काम सामाजिक शिक्षाले गर्दछ । ( पाँडे, २०५३)

सामाजिक अध्ययन के हो ? यसले के-के को बारेमा अध्ययन गर्दछ । यसमा के कस्ता विषयहरु समावेश हुन्छन् ? भन्ने बारेमा धेरै विद्वान तथा सउमाजशास्त्रीहरुले आ-आफ्ना विचार अगाडी सारेका छन् । यसै सम्बन्धमा J.C Aggrwal ले आफ्नो किताव 'Teaching social studies' मा विभिन्न विद्वानहरुको भनाइ यसरी उल्लेख गरेका छन् : -

१."सामाजिक अध्ययन समाजको अध्ययन हो ।" - J F forresrer

२." मानव सम्बन्धसंग सम्बन्धीत विषयहरुको एकिकृत रूप सामाजिक अध्ययन हो ।" Wesely.

३." मानव सम्बन्धका जीवनसंग सम्बन्धित मानवका सामाजिक र भौतिक वातावरणसंगको अन्तक्रियानै सामाजिक अध्ययन हो ।" Miehaclies.

यसरी विभिन्न विद्वानहरुले दिएका परिभाषाहरु बाट यो भन्न सकिन्छ कि सामाजिक अध्ययन विषय व्यक्तिलाई आफ्नो वातावरण बुझ्न सहयोग पुऱ्याउने, जीवनयापनका आवश्यक ज्ञान, सिप, अभिवृद्धी प्रदान गर्न, मानिसलाई आर्दश र चरित्रवान बनाउन सहयोग गर्ने विषयको रुपमा देखिएको छ ।यी विषय वालवालिकाहरुलाई समाज अनुकुलको नमागरिक बनाउन, असल आचरणको विकास गर्न सहयोगको भावना विकास गर्न, मूल्य मान्यता संरक्षण गर्न महत्वपूर्ण रहेको छ । यस विषयको क्षेत्र व्यक्ति, समाजदेखि अन्तराष्ट्रिय स्तरसम्म फैलिएको छ । ( Aggrawal, 1982 )

### १.१.२ **सामाजिक अध्ययनको ऐतिहासिक विकासक्रम**

सामाजिक अध्ययन विषयको इतिहासलाई हेर्दा यस विषयको सुरुवात अमेरिकाबाट भएको पाइन्छ । सुरुमा यस विषयको इतिहास, अर्थशास्त्र र राजनितीशास्त्रमा समावेश थियो । इ.सन् १८९२ मा यस विषयलाई 'सामाजिक ज्ञान' भनेर नामाकरण गरियो । सन् १९१६ मा Committee on the social of the national education association for their organation of secondry education को प्रतिवेदनमा यस विषयलाई मान्यता प्रदान गरिया । यस विषयलाई व्यापक बनाउन अनुसन्धान, अन्वेषण तथा विश्लेषण गर्न सन् १९३४ मा Social studies national council के स्थापना गरिएको थियो । प्रथम विश्वयुद्ध (सन १९१४-१९१८), दोस्रो विश्वयुद्ध (सन् १९३९-४५) ले क्षतविक्षत भएका राष्ट्रहरुको आपसी सहसम्बन्ध, जातजाति विच उठेको औद्योगिक एवम् आर्थिक धरासायीलाई पुननिर्माण गर्न मलमको रूपमा सामाजिक अध्ययन विषय अगाडी बढ्यो । भारतमा यस विषयको थालनी सन् १९३७ को आधार शिक्षा प्रणाली पछिमात्र सुरु भएको हो । अफ्रिका तथा अमेरीकामा सन् १९६० मा उपनिवेशबाट मुक्त भएपछी सामाजिक अध्ययन एक विषयको रूपमा अध्ययन गर्न थालीएको हो । अमेरिकामा सन् १९२० देखि १९५५ को समयलाई सामाजिक ज्ञानको युग भनेर चिनिन्छ । (ढकाल , २०६२)

नेपालको सन्दर्भमा सामाजिक अध्ययन विषयको विकासक्रमको विश्लेषण गर्दा वि.स. १९१० सालको एस.एल.सी. पाठ्यक्रममा सामाजिक शिक्षा अन्तर्गत इतिहास, भुगोल जस्ता विषयलाई समावेश गरिएको थियो । नेपालमा प्रजातन्त्र प्राप्ति पश्चात् सामाजिक अध्ययन विषयको  पठन पाठन सुरु भएको पाइन्छ । शिक्षालाई जनअधिकारका रूपमा स्थापित गराउन राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०११ को सिफारिश अनुसार विद्यालयको पाठ्यक्रममा सामाजिक अध्ययन विषयलाई प्रथम पटक समावेश गरियो । तर यसको कार्यान्वयन भने २०१७ सालदेखि  प्राथमिक शिक्षामा भएको पाइन्छ । सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिको प्रतिवेदन २०१८ ले प्राथमिक र  निम्न माध्यमिक तहमा अनिवार्य र माध्यमिक तहमा ऐच्छिक पाट्यक्रम समावेस गऱ्यो ।  तर पठन पाठन भने राष्ट्रिय शिक्षा पद्दति योजना २०२८ देखि भएको पाइन्छ । पाठ्यक्रम कार्यान्वयन योजना २०३८ ले माध्यमिक तहमा  इतिहास, भुगोल, अर्थशास्त्र जस्ता सामाजिक विषय संग सम्वन्धित विषयवस्तुलाई एकिकृत गरी १०० पूणाङ्कको सामाजिक शिक्षा नामाकरण गरी निरन्तरता दिएको थियो । प्रथम जन आन्दोलन २०४६ पछि वढ्दो जनचाहना अनुरुप शिक्षा प्रदान गर्ने अभिप्रायबाट  गठित राष्ट्रिय शिक्षा आयोग  २०४९ र  उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ ले विगतको पाठ्यक्रमको मूल्याङ्कन गरी नयाँ पाठ्यक्रमको आवश्यकता तथा महत्त्व सहित गरेको सिफारिसअनुसार २०५६/२०५७ मा परिवर्तित गरी कक्षा ९ र १० मा अनिवार्य विषयकोरूपमा लागु गरिएको छ । ( अधिकारी, २०६८)

### १.१.३ सामाजिक अध्ययनको महत्त्व र एकिकृत गरिएका विषयवस्तुहरू

सामाजिक अध्ययन समाजको अध्ययन हो । नेपाल जस्तो वहुजातीय, बहुभाषिक, विविध संस्कृतिले भरिएको देशमा सामाजिकीकरण गर्ने, एक आपसमा सद्भाव, मेलमिलाप गर्न गराउन पनि यो विषय एकदम उपयोगी रहेको छ । प्रत्येक नागरिकमा राष्ट्रिय मूल्य मान्यताको विकास गराउन पनि सामाजिक अध्ययन महत्त्वपूर्ण रहेको छ । समयको परिवर्तन र आधुनिकता सँगै सामाजिक अध्ययनको क्षेत्र व्यापक वन्दै गइरहेको छ । मानव सम्वन्धको वढ्दो  विस्तार, समसामयिक घटना,  विश्व भातृत्वको भावना जस्ता विषयलाई यस विषयले समेटेको पाइन्छ । यसका विषयवस्तुहरु परिवर्तनशील हुन्छन् । सामाजिक अध्ययन विषयको अध्ययनले वालवालिकामा सामाजिकीकरणको विकास गर्ने, समस्या समाधान गर्ने , तार्किक कुशलता, नेतृत्वसीप, अनुशासन, समसामयिक घटनाको जानकारी

विविध सामाजिक मूल्य मान्यता र व्यवहारिक ज्ञान दिने भएकोले यो विषयको आवश्यकता दिन प्रतिदिन वढ्दै गएको पाइन्छ, यस विषयको अध्ययन अध्यापनले शिक्षाका राष्ट्रिय लक्ष्यहरु पूरा गर्न पनि सहयोग मिल्दछ । देशको परिवर्तनको क्रमसंगै राष्ट्रिय लक्ष्यहरु पुरा गर्न पनि सहयोग मिल्दछ । देशको परिवर्तनको क्रमसंगै राष्ट्रिय एकता बलियो बनाउँदै आफ्नो पहिचान अन्तर्राष्ट्रिय परिवेशमा गराउन सफल हुने देखिन्छ । ( माध्यमिक पाठ्यक्रम परिचयात्मक तालिम पुस्तिका २०५६ )

सामाजिक अध्ययन विभिन्न विषयहरूको एकिकृत रुप हो । यस अन्तर्गत समाजशास्त्र, इतिहास, भुगोल, अर्थशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र तथा सामाजिक मनोविज्ञान जस्ता विषयका विषयवस्तुहरु समावेश गरिएका हुन्छन् । सामाजिक अध्ययनमा समावेश भएका विषयवस्तुहरु घोकेर कण्ठ गर्नु भन्दा व्यवहारिक रूपमा प्रयोगमा ल्याउनु पर्छ । यो विषय मानव उपयोगी एवम् जीवनमा उपयोग गरेर आफुलाई असल नागरिकको रूपमा प्रतिस्थापित गराउन सहयोग पुऱ्याउने विषय हो । एक्काइसौ सताब्दीको पूर्वार्धमा पाइला टेक्दै गरेको आजको मानव र समय बीच स्पष्ट प्रतिविम्व देखाउने दर्पणको रुपमा सामाजिक अध्ययनलाई लिन सकिन्छ । यसले हामीलाई हाम्रो समुदाय, सभ्यता, राष्ट्रिय, अन्तराष्ट्रिय परिवेशका बारेमा स्पष्ट जानकारी गराउदछँ । विश्व वातावरणसँग परिचित हुनु , विगतका अनुभवबाट वर्तमानको खोजमा संलग्न हुन र भविष्यप्रति सचेत रही समाजको अध्ययन गर्न सामाजिक अध्ययनले सहयोग पुऱ्याउँछ ।

(शिक्षक निर्देशिका, २०५७)

सामाजिक अध्ययनलाई एक विज्ञानको रूपमा व्यख्या गर्न सकिन्छ । वास्तवमा सामाजिक जटिलता तथा परिवर्तनका प्रत्येक पक्षलाई यस विषयले केलाउने र यिनै जटिलता र परिवर्तनका अवस्थामा मानवीय दैनिक जीवन के कसरी सञ्चालनमा छ भन्ने तथ्यलाई यस विषयले जोडदिने भएकोले यसलाई विज्ञान भन्न पनि सकिन्छ । विश्व सूचना तथा सञ्चार क्षेत्रमा देखा परेका विकास, विश्वब्यापीकरण तथा स्थानीयकरणलाई सामाजिक अध्ययन विषयमा समावेश गरी मानवअधिकार, सामाजिक मूल्य एवम् मान्यता, प्राकृतिक प्रकोप आदि विषय वस्तुहरु समावेश गरी यस विषयलाई समसामयिक, व्यावहारिक र स्तरीय बनाउने प्रयास गरिएको छ । ( लुइटेल, केसी र साथीहरु, २०६८/०६९ )

### १.१.४. **सामाजिक अध्ययनको उद्देश्य र क्षेत्र**

माध्यमिक तहको पाठ्यक्रमबाट विद्यार्थीहरूमा सामुदायिक भावना विकसित हुन सकोस, देशको राजनीतिक परिवर्तन र समाजको भाग बमोजिम मानवअधिकारको विश्व व्यापी मान्यता समावेश गर्ने , आफ्नो कला, संस्कृति, सामाजिक मुल्य र मान्यता लाई निरन्तरता दिने, शान्ति, सुव्यवस्था, सुसासन, नागरिक समाजको भूमिका आदि पक्षलाई जोडदिने, नेपालले अन्तराष्ट्रिय परिवेशमा खेलेको भूमिका अवगत गराउने , जीवनोपयोगी र व्यवहारिक ज्ञान, सीप र अभिवृद्धि पक्षलाई समावेश गर्ने, आर्थिक क्रियाकलापसंग परिचित भई सुधार गर्न सकुन भन्ने उद्देश्यहरु माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमले राखेको छ । उक्त उद्देश्यहरू पुरा गर्न गराउन माध्यमिक तह (कक्षा ९ र १० को सामाजिक शिक्षामा निम्न विषय क्षेत्र वा एकाइहरू समावेश गरिएको छ :- हामी ' हाम्रो समुदाय र राष्ट्र ' विकासका पुर्वाधार हरु ' हाम्रो परम्परा' सामाजिक मूल्य र मान्यता, सामाजिक समस्या र समाधान, नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, आर्थिक क्रियाकलाप, अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग गरी जम्मा नौ वटा इकाइहरु समावेश गरिएका छन् । (पाठ्यक्रम विकाश केन्द्र २०६४)

विद्यालय एक सानो समाज हो । त्यहाँ विभिन्न पृष्ठभूमिका विभिन्न धर्म, संस्कृति, मूल्य, मान्यता, परिवेशका वालबालिकाहरु आउने हुनाले सामाजिक विकासका महत्वपूर्ण कियाकलापहरु विद्यालयमा पनि हुने गर्दछन् । माध्यमिक तहमा अध्ययन गर्ने बालबालिकाहरु विशेष गरी १३ देखि १५ वर्ष उमेर समुहका हुन्छन् अर्थात् योवन अवस्थाका हुने गर्दछन् । यसवेला शारीरिक रुपमा तिव्र परिवर्तन आउने हुनाले केही नकारात्मक भावना पैदा हुन जान्छ । विद्यालय तथा सामाजिक कार्यहरु प्रति कम चासो देखाउने गर्दछन् । सानो कुराले वैचैनी हुने, अरूको आलोचना गर्ने, कार्यप्रति कम लगाव राख्ने, परिवार तथा साथीबाट आफुलाई छुट्टै राख्ने, दुःखी र निरास हुने प्रविधि देखाउने जस्ता नकारात्मक व्यवहारहरु यस उमेर समुहमा देखाउने गर्दछन् । समाजिक विकासमा यस्ता खाल्का प्रविधिहरु देखापर्ने हुनाले घर परिवारका साथै शिक्षकले विशेष ध्यान पु-याउनु पर्ने हुन्छ । घरमा भन्दा धेरै समय विद्यालयमा विताउने हुँदा शिक्षकले उनीहरुलाई सुखी बनाउने खालको वातावरण प्रदान गर्नु पर्छ । समाजको मूल्य मान्यता र आदर्श प्रति सचेत बनाई सही मार्ग निर्देशन सबै पक्षबाट दिनु पर्दछ ।यस अवस्थाका बालबालिकाको

वास्तविकता बुझेर शिक्षण गर्न सकेमात्र शिक्षण प्रभावकारी हुने हुँदा शिक्षकले पनि विशेष ध्यान दिन जरुरी हुन्छ । यिनै समस्याहरुलाई मध्य नजर गरी सामाजिक अध्ययन विषयमा बालमनोविज्ञानलाई पनि समेटिएको छ । जस्ले गर्दा योवन अवस्थाका बालबालिकाहरुले आफ्नो समाजप्रति सकारात्मक भावना जागृत गर्न सक्ने छन् । (अधिकारी २०६६)

## १.२ . समस्याको कथन

सामाजिक अध्ययन भन्ने वित्तिकै समाजको बारेमा अध्ययन गर्ने र व्यक्ति वा बालकलाई कसरी समाजमा समायोजित भएर बस्ने भन्ने बारेमा ज्ञान दिलाउने, सामाजिक जीवन यापन गर्न किकाउने, वद्लिदो विश्व परिवेशको ज्ञान दिलाउने शास्त्र सामाजिक अध्ययन हो । माध्यमिक तहमा सामाजिक शिक्षण एउटा चूनौतीपूर्ण विषय हो । हालको कक्षा ९ र १० को सामाजिक अध्ययन विषय विल्कुलै नयाँ शैलिमा प्रस्तुत गरिएको पाठ्यवस्तु हो । यस विषयको पाठ्यक्रममा निर्माण गर्न देशले ठूलो लगानी खर्च गरेको छ । एउटै विषय भित्र धेरै विषयवस्तु एकिकृत गरी यस विद्यालयलाई उत्कृष्ट बनाउन विषय विशेषज्ञहरुले हरतरह प्रयास गरेकाछन् । विषय विशेषज्ञहरुको सुन्दर आशा र भरोषा अनुसार लागु गरिएको सामाजिक अध्ययन विषयको पाठ्यक्रम भौगोलिक कठिनाई , भाषाको समस्या, शैक्षिक सामाग्रीहरुको अभाव, तालिमप्राप्त शिक्षकहरुको अभाव, शिक्षण विधि उपयुक्त नअपनाउनु, शिक्षण निर्देशिकाको अभाव जस्ता समस्याहरु भएका हुँदा आशा गरे अनुरुप यस विषयको कार्यान्वयन प्रभावकारी ढंगले हुन सकिरहेको छैन । यसैपनि माध्यमिक तहको सामाजिक अध्ययन विषयमा अन्य धेरै विषयवस्तुहरु समावेश गरिएको हुँदा यसलाई कार्यान्वयन गर्नलाई जो सुकै शिक्षक बाट सम्भव हुदैन । जस्का लागि दक्ष र तालिमप्राप्त शिक्षक हुनु जरुरी छ तर हाम्रो देशमा यस विषयलाई खासै महत्वका साथ नहेरीएकाले गर्दा जो सुकै शिक्षकले पनि यसलाई अध्ययन गराउने गरेको पाइन्छ । जस्ले गर्दा यस विषयको कार्यान्वयन पक्ष झन झन खस्किदै गइरहेको छ । यीनैकुरा हरुलाई मध्य नजर गर्दै यस अध्ययन निम्न किसिमका समस्यामूलक प्रश्नमा केन्द्रित रहेर गरिएको छ ।

- धेरै विषयवस्तु एकिकृत गर्दा पठन पाठनमा के कस्ता समस्या देखिएका छन् ?
- पाठ्यक्रम कार्यान्वयनको प्रक्रिया कस्तो छ ?
- पाठ्यक्रमले राखेका उद्देश्य तहगतरूपमा उपयुक्त छन् की छैनन् ?

- माध्यमिक तहमा शिक्षण गर्ने विषय शिक्षकको शैक्षिक योग्यता, अनुभव र तालिमको अवस्था कस्तो छ ?
- यस विषय अध्यापन गराउँदा शिक्षकले के कस्ता समस्या भोगेका छन् ?
- यस विषयके पाठ्यक्रमले विद्यार्थीको रुचि, चाहना र क्षमतालाई कत्तिको ख्याल गरेको छ ?
- शिक्षकले विद्यार्थी कियाकलाप तथा शिक्षण विधि र शिक्षण सामग्री प्रयोगमा कत्तिको ध्यान दिएका छन् ?
- मूल्याङ्कन प्रक्रिया सान्दर्भिक छ ?
- कक्षा शिक्षण गर्दा शिक्षकले शिक्षक निर्देशिकाको अनुसरण गरेको छ कि छैन ?

**१.३. अध्ययनको औचित्य**

"माध्यमिक तहको सामाजिक अध्ययनमा एकिकृत गरिएका विषयवस्तुको अवस्था एउटा महत्वपूर्ण विषय हो । माध्यमिक तह उच्च शिक्षाको आधार हो । यस तहको हरेक विषयको सहि र उचित तरिकाले कार्यान्वयन भएन भने नत शिक्षाको लक्ष्य पूरा हुन्छ न माध्यमिक तहको उद्देश्य पुरा हुन्छ । सामाजिक अध्ययन एउटा यस्तो विषय हो जस्ते मानिसलाई सम्पूर्ण सामाजिक गतिविधिको ज्ञान दिनुका साथै समाजमा समायोजित भएर रहन पनि सिकाउँदछ । खासगरी हाम्रो जस्तो भौगोलिक, सामाजिक तथा सांस्कृतिक विविधता भएको मुलुकका विद्यालयहरुमा सामाजिक अध्ययन विषयलाई व्यवहारिक रुपमा प्रयोग गर्न नसक्नुका कारण अपेक्षितरूपमा सिकाइ उपलब्धीहरु प्राप्त हुन सकेको देखिदैन । धेरै वटा विषयवस्तुहरु एकिकृत गरी निर्माण गरिएको यस विषयको कार्यान्वयन पक्षलाई कसरी उत्कृष्ट बनाउने भन्ने कुराको खोजी गर्न यो अध्ययन महत्वपूर्ण रहेको छ । यस विषयमा एकिकृत गरिएका विषय वस्तुको सङ्गठनात्मक स्वरूप, विषय वस्तुको क्षेत्र र क्रमको बारेमा खोजी गर्न यो अध्ययन औचित्य पूर्ण रहेको छ । हाम्रो जस्तो विकाशोन्मुख देशमा शैक्षिक अवस्था दिनानुदिन खस्कदै गएको देखिन्छ । सामाजिक अध्ययन विषयले आशा गरे अनुरुपको सफलता प्राप्त गर्न सकेको छैन जसको कारण पत्ता लगाउनु यो अध्ययन औचित्वपूर्ण रहेको छ । जुनसुकै विषयमा केन्द्रीत भई अनुसन्धान गर्नुको आफ्नै औचित्य हुन्छ तसर्थ माध्यमिक तहको सामाजिक विषयको अध्ययन गर्नुको केही औचित्यलाई बुंदागत रूपमा प्रस्तुत गरिएको छ ।

- यस अध्ययनले सामाजिक अध्ययन विषय अध्यापन गराउन शिक्षकलाई फाइदा पुग्नेछ ।
- यस अध्ययनले विद्यार्थीको सिकाइ सम्बन्धि समस्या समाधान गरी विद्यार्थीहरूको व्यवहारमा परिवर्तन ल्याउन आवश्यक छ।
- यस अध्ययनले यस संग सम्बन्धित सबै पक्षहरु शिक्षक , विद्यार्थी, प्राध्यापक, निर्देशक, सुपरिवेक्षक, प्रशासक तथा अभिभावकलाई समेत यस अध्ययनले सहयोग पुऱ्याउने छ ।
- यस विषयसंग सम्बन्धित विशेषज्ञ तथा अन्य सम्बन्धित व्यक्तिलाई अध्ययन , अध्यापन, पाठ्यक्रम परिमार्जन गर्नमा समेत सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले सुनसरी जिल्लाको माध्यमिक विद्यालयमा सामाजिक अध्ययन विषय कार्यान्वयन अवस्थाबारे जानकारी प्रदान गरिएको छ ।
- दक्ष जनशक्ति उत्पादन तथा कार्यान्वयन पक्षमा सुधार गर्न यस अध्ययनले सहयोग पुऱ्याउने छ ।

### १.४. अध्ययनको उद्देश्य

यस शोध अध्ययनका लागि निम्नानुसारका उद्देश्यहरू राखिएका छन्

क) माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको पहिचान गर्नु।

ख) उक्त विषयमा एकीकृत गरिएका विषयवस्तुहरुको क्षेत्र र क्रमको अवस्था पत्ता लगाउन।

### १.५. अध्ययनको परिसीमा

यस अध्ययन/अनुसन्धानको परिसीमा निम्नानुसार रहेका छन् :-

- यो अध्ययन सुनसरी जिल्लामा सिमीत गरिएको छ।
- यो अध्ययन सुनसरी जिल्लामा रहेको ५ वटा सामुदायिक विद्यालयहरूमा सिमीत गरिएको छ।
- यो अध्ययन माध्यमिक तहमा अध्ययन गराइने सामाजिक अध्ययनमा एकिकृत गरिएका विषयवस्तुको अवस्थामा मात्र केन्द्रीत रहेको छ।

- यस अध्ययनका लागि आवश्यक पर्ने तथ्याँङ्क सङ्कलन गर्न छनौटमा परेका विद्यालय सामाजिक विषय अध्यापन गराउने विषय शिक्षक, स्रोत व्यक्तिहरु र विषय विशेषज्ञहरुमा सिमित गरिएको छ ।
- यस अध्ययनमा अन्तर्वार्ता, समुह छलफल निर्देशिका र दस्तावेज अध्ययन जस्ता सामाग्री मात्र प्रयोग गरिएको छ ।

# परिच्छेद-दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन/अनुसन्धान कार्यमा सहयोग पुऱ्याउने पूर्व अध्ययनको साहित्य हो । अध्ययन अनुसन्धान कार्यलाई मुर्त रूप दिनको लागि साहित्यको पूर्व अध्ययन गरिन्छ । यस अध्ययनमा सम्वन्धीत अनुसन्धान, विभिन्न पाठ्यपुस्तक, विभिन्न अनुसन्धान प्रतिवेदन, लेख, रचना, सन्दर्भ सामग्री इत्यादी अध्ययन गरी समिक्षा गरिएको थियो ।

### २.१ शैद्धान्तिक सहित्यको समिक्षा

शैद्धान्तिक साहित्यको समिक्षा अर्न्तगत माध्यामिक तहको सामाजिक अध्ययनसंग मेल खाने सिद्धान्तहरुमा वान्डुराको सामाजिक सिकाईको सिद्धान्त र म्याक्स वैवरको 'सामाजिक क्रिया' सिद्धान्तलाई अनुरूप गरिएका थियो ।

स्टानफोर्ड विश्वविद्यालयका मनोविज्ञान प्राध्यापक, अमेरिकन मनोवैज्ञानीक संस्थाका अध्यक्ष एलबर्ट बान्डुरा द्वारा प्रतिपादन सिद्धान्तलाई सिकाइको सामाजिक सिद्धान्त वा सामाजिक सिकाईको सिद्धान्त भनिन्छ । उनको यो मनोवैज्ञानिक सिद्धान्त पूर्ण रूपमा मानवीय व्यवहारद्धारा मानीसले सिकाई सिक्ने कुरामा जोड दिएकोले "सामाजिक सिकाईको सिद्धान्त" भनिएको हो । यस सिद्धान्त अनुसार अधिकांश मानव सिकाई राम्रो प्रतिक्रीया देखाउने व्यक्तिका क्रियाकलाप, प्रदर्शनको अवलोकान गरी नक्कलद्धारा सिकिन्छ । यस सिकाइको पुष्टीका लागि वाण्डुराले किन्डरगार्टेनमा अध्ययन गर्ने बालवालिकाको अध्ययन गरेका थिए । यस प्रयोगबाट बाण्डुराले सिद्ध गरेको सिकाई सामाजिक वातावरणीय क्रियायाकलापहरुको नक्कलबाट सिकीन्छ । बालकले सामाजिक तथा नैतिक सिकाई सिक्ने महत्वपुर्ण प्रक्रिया नक्कल वा अनुकरण हो । सामाजिक प्रतिष्ठा,प्रतिस्पर्धा, शक्ति, समानता जस्ता तत्वहरुले व्यक्तिलाई अनुकरण गर्न प्रोत्साहीत गर्दछ ।

ब्यक्ति सामाजिक प्राणी भएकोले उसले सामाजिक ब्यवहारको नक्कल गर्दछ ।राम्रा व्यवहारको नक्कल गर्न आन्तरिक गुणको सृजनात्मक र ज्ञानत्मक शक्तिको विकास गराउन सक्ने पुर्नबलको प्रयोग गरि शिक्षण गराउनु पर्दछ । यसले गर्दा व्यक्ति समाजमा इज्जत पूर्वक बाच्न सक्दछ । बान्डुराको अनुसार शिक्षण सिकाई हुनका लागि निम्न पुर्नवलको आवश्यक पर्दछ ।

१. प्रत्यक्ष वाह्य पुर्नबल

२. उत्तेजनात्मक पुर्नबल

३. स्वपरिचालित पुर्नबल

यसरी समग्रमा हेर्दा मानिस सामाजिक प्राणी हो र सामाजिक व्यवहारहरुबाटै उसले सिकाई गर्ने हुँदा माध्यामिक तहमा सामाजिक अध्ययन विषय अध्ययन गर्ने शिक्षकले विद्यार्थीको मनोवैज्ञानिक स्तर, इच्छा, रुची र आवश्यकता अनुसार पठन पाठान गराउन यस सिद्धान्तले मद्धत गर्दछ । साथै उचित सिकाई वातावरण निर्माण गरी सामाजिक विषय अध्ययन गर्दा आवश्यक पर्ने शिक्षण विधि, शिक्षण सामग्री छनोट गर्न समेत यो सिद्धान्त उपयोगी रहेको छ ।

साथै विद्यार्थीले शिक्षकको ध्यान केन्द्रित गर्न आवश्यकता अनुसारको पुर्नवल प्रयोग गर्नको लागि समेत यो सिद्धान्त प्रयोग गर्न सकिन्छ । विद्यार्थीले नक्कल गरेर सिकाई सिक्ने भएकाले शिक्षक स्वयम् योग्य र समाजप्रति सचेत रहन सहयोग पुऱ्याँउदछ । (शर्मा र शर्मा - २०६८)

जर्मनका दार्शनीक एवं बहुप्रतिभाशाली नागरीक म्याक्स वैवर (सन् १८४६-१९२०) ले सामाजशास्त्रीय सिद्धान्तको विकाशमा “सामाजिक क्रियाको सिद्धान्त” को प्रतिपादन गरेका थिए । उनले प्रतिपादन गरेको सामाजिक क्रिया सिद्धान्तमा सिद्धान्त र व्यवहारलाई समन्वय गरी मानवीय व्यवहारलाई अर्थपुर्ण तथा वैज्ञानिक ढङ्गले व्याख्य गर्ने प्रयास गरेका छन् । उनको विचारमा “कुनै पनि समाजिक क्रिया हुनकोलागि उक्त क्रिया गर्ने व्यक्तिले क्रियालाई जुन अर्थ लगाउँछ सोही अनुरूप अर्को व्यक्तिको क्रिया प्रभावित हुन्छ ।” अर्थात सामाजिक क्रिया हुनकोलागि क्रिया गर्ने व्यक्तिको व्यक्तिगत अर्थ वा व्यक्तिद्धारा लगाइएको विषयगत अर्थ अनुसार उक्त क्रियामा अन्य व्यक्तिको पनि इच्छा तथा क्रियाहरु समावेश होस र उनीहरुको अनुसारनै उनको गतिविधि निर्धारीत होस् । सामाजिक क्रिया भएर नै सामाजिक व्यवस्था सुचारु रूपले सञ्चालन भएको हो भन्ने यथार्थलाई यस सिद्धान्तले स्वीकार गरेको छ जसको परिणाम स्वरूप समाजलाई व्यवस्थित र निरन्तर रूपमा सञ्चालन गर्नकालागि के कस्तो किसिमका क्रियाको आवश्यकता पर्दछ भन्ने सम्बन्धमा जानकारी दिइएको छ । सामाजिक क्रियाको फलस्वरूप समाजिक सम्वन्धहरुको वृद्धी हुन्छ भन्ने कुरालाई यस सिदान्तले उजागर गरेको छ । म्याक्स वैवरको अनुसार सामाजिक क्रियालाई बुझ्नको लागि क्रियाको सम्बन्ध पनि जानकारी हुनपर्दछ । वास्तवमा क्रियालाई

बुझ्रेर मात्र सामाजिक क्रियालाई बुझ्नु पर्दछ, किनभने क्रियाको आधारमा नै समाजको संरचना हुन्छ । म्याक्स वैवरका विचारमा सामाजिक क्रिया हुनका लागि निम्न मान्यताहरु आवश्यक मानिन्छ ।

१. सामाजिक क्रियामा एउटाको क्रियाले अर्काको क्रियाले प्रभाव पार्नु  आवश्यक हुन्छ ।

२. सामाजिक क्रियाले अन्य व्यक्तिको पूर्व उपस्थिति हुन्छ भन्ने मान्यता राख्दछ ।

३. सामाजिक क्रियाको लागि आत्मगत अर्थ एक आवश्यक अङ्ग हो ।

४. सामाजिक क्रिया भूत, भविष्यको क्रिया बाट प्रभावित हुन्छ ।

यसरी सामाजिक क्रिया सिद्धान्त माध्यमिक तहमा सामाजिक शिक्षण गर्दा उपयोगी रहने देखिन्छ । यस सिद्धान्तले सामाजिक अध्ययन शिक्षण गर्ने सम्पुर्ण शिक्षकको क्रियाकलापलाई सुधार्न वा समय सापेक्ष बनाउन सहयोग गर्दछ । शिक्षकले सही कार्य गरेमात्र विद्यार्थीले पनि सही प्रतिकृया दिन सक्दछन् त्यसैले शिक्षकले सामाजिक परिस्थीति, संरचना अनुसार शिक्षण गर्नुपर्दछ । (अधिकारी र खत्री, २०६३)

## २.२ सामाजिक अध्ययनसंग सम्वन्धित अध्ययनहरु

सामाजिक अध्ययनसंग सम्वन्धित रहेका विविध विषयवस्तुहरुलाई पूर्व अध्ययन गरि यस अध्ययनलाई सफल बनाउने प्रयास गरिएको छ ।

शिक्षक निर्देशिका (२०६४) मा उल्लेख भए अनुसार सामाजिक अध्ययन एक यस्तो विषय हो जसभित्र मानिस को हो, समाजका मुल्य मान्यता, संस्कृति, सम्पदा, सामाजिक क्रियकालप, सभ्य स्वावलम्वी नागरीक तयार पारेर देश निर्माणमा सहभागी गराउने नागरीक तयार पार्नु, समाजमा कसरी समायोजित हुने, सामाजिक विकाशमा कसरी सहयोगी बन्ने, सामाजिक विकृतिहरुको कसरी अन्त्य गर्ने, अन्तराष्ट्रीय सम्वन्ध कसरी वढाउने विषयमा ज्ञान दिलाएर जीवनयापन गर्न सिकाउनु यसको मुख्य उद्देश्य हो । माध्यामिक तहका विद्यार्थी यस विषय अध्यापन गराउँदा प्रदर्शनि, छलफल, क्रियाकलाप, क्षेत्र भ्रमण जस्ता तरीकाबाट अध्यापन वढी सकृिय हुने गर्दछन् र यस विषयको लागि यिनै शिक्षण विधिहरुपनि सान्दर्भिक रहेका छन् ।

हाम्रो देशको परिवेशमा सामाजिक शिक्षाको पाठ्यक्रम कार्यन्वयन गर्दा दक्ष तालिम प्राप्त शिक्षकको व्यवस्था हुनुपर्ने, आवश्यक शैक्षिक सामग्री उपलब्ध हुनुपर्ने, अनुमान तथा

मूल्याङ्कन गर्नुपर्ने, सामाजिक शिक्षाको उद्देश्य अनुरूप शिक्षण गर्नु पर्ने राष्ट्रिय निती रहीआएको छ । त्यसैले सामाजिक अध्ययन विषयलाई अझ प्रभावकारी ढङ्गले कार्यन्वयन गर्नको लागि यिनै राष्ट्रीय नीतिलाई आत्मसाथ गरी व्यवहारमा लागु गर्नुपर्दछ ।

अधिकारी (२०६१/६२) "माध्यमिक शिक्षक दिर्दशन" का अनुसार वि.स. १९९० सालको एस.एल.सी पाठ्यक्रममा सामाजिक शिक्षा अर्न्तगत इतिहास र भुगोलजस्ता समाजिक विज्ञानका विषयहरु समावेश गरिएको थियो । वि.स. २०११ सालमा शास्त्रीय शिक्षा योजना आयोगको प्रतिवेदनमा उल्लेख भए अनुसार स्थापना भएको 'कलेज अफ एजुकेसनको' पाठ्यक्रममा सामाजिक शिक्षा विषय समावेश भए पनि यसको वास्तविक कार्यान्वयन २०१७ सालदेखी प्राथमिक शिक्षा समिती २०१८ को सिफारिस अनुसार केही संशोधन गरी लागु गरिएको थियो । त्यसपछी राष्ट्रीय शिक्षा पद्धति योजना २०२८ ले सामाजिक विषयलाई अझ थप व्यवस्थित बनाउने कार्य गरेको पाइन्छ । यस योजना अनुसार प्राथमिक र निम्नमाध्यामिक तहमा १०० पुर्णाङ्कको सामाजिक शिक्षा राखिएको थियो भने कक्षा ८-१० को माध्यमिक तहमा इतिहास, भुगोल, अर्थशास्त्र जस्ता विषयहरु ऐच्छिक विषयका रूपमा सामाजिक अध्ययन समुह अर्न्तगत राखीएको थियो । यसरी २०३८ को पाठ्यक्रम परिवर्तनले सामाजिक शिक्षा जस्तो महत्वपुर्ण विषयलाई माध्यमिक तहमा अनिवार्य विषयबाट हटाएर गल्ती गरेकोमा नयाँ पाठ्यक्रम माध्यमिक शिक्षा पाठ्यक्रम २०५५ ले इतिहास, भुगोल, अर्थशास्त्र, समाजशास्त्र, मानवशास्त्र, राजनीतिशास्त्र दर्शनशास्त्र, सामाजिक मनोविज्ञान जस्ता सामाजिक विज्ञानका विषयवस्तुलाई एकीकृत गरी १०० पुर्णाङ्कको सामाजिक शिक्षा अनिवार्य विषयको रूपमा समावेश गरेको छ ।

खनाल (२०६७) ले माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षण सम्वन्धमा गर्नुभएको अध्ययन माध्यामिक तहमा सामाजिक विषय शिक्षकको अवस्था, शैक्षिक सामग्री उपलब्धता र प्रयोगको स्थिति पत्ता लागाउनु र सामाजिक शिक्षण गर्दा शिक्षकले प्रयोग गर्ने विधि र मूल्याङ्कन तरिका पहिल्याउनु जस्ता उद्देश्यमा केन्द्रित रही गरिएको थियो । यो अध्ययन मध्यपश्चिमाञ्चलको स्याङ्जा जिल्लाको ३ वटा सामुदायिक विद्यालयमा त्यहाँको विषय शिक्षक र विद्यार्थीहरुमा अर्न्तवार्ता, समुह छलफल, अवलोकन जस्ता सामाग्री प्रयोग गरी तथ्याङ्क संकलन गरीएको थियो । यस अध्ययन अनुसार सामाजिक विषय शिक्षणको लागि आवश्यक पर्ने शैक्षिक सामाग्रीको उपलब्धता कम र उपलब्ध साधनको पनि प्रयोग न्यून रहेको, पाठ्यक्रम प्रयोग खासै नगरिएको, शैक्षिक निर्देशिकाले तोकिए बमोजीम विधि र

सामाग्रीको प्रयोगमा कमि, क्षेत्र भ्रमणलाई मनोरञ्जनको रूपमा मात्रै लीनु, निरन्तर मुल्याङ्कनको अभाव रहनु जस्ता प्राप्तीहरु आएको जसको लागि उहाँले सुझावको रूपमा सवै विद्यालयहरुमा सामाजिक विषय शिक्षणका लागि आवश्यक पर्ने सामग्री व्यवस्था हुनुपर्ने, नयाँ नयाँ शिक्षण विधि अपनाई शिक्षण गर्नुपर्ने, पाठ्यक्रमले राखेका उद्देश्य अनुरूप शिक्षण गर्नुपर्ने, समय समयमा निरन्तर मुल्याङ्कन गरी आवश्यक पृष्ठपोषण दिनुपर्ने आदी जस्ता सुझावहरु उल्लेख गर्नुभएको छ ।

ऐर (२०६७) ले 'सामाजिक अध्ययन विषयको पाठ्यकम कार्यान्वयनको अवस्था' सम्वन्धी गर्नुभएको अनुसन्धानमा नमुना छनोटमा परेका विद्यालयमा सामाजिक अध्ययन विषयको पाठ्यक्रम पनि ठिक ठिकै अवस्थामा कार्यान्वयन भइराखेको पाइन्छ । शिक्षण विधि/सामाजिक शिक्षक विद्यार्थी क्रियाकलापमा पनि सामन्य रहेको पाइन्छ । भौगोलिक विकटताले पनि समस्या ल्याएको पाइन्छ । स्रोत साधनको कम उपलब्धता हुनु मुल्याङ्न तथा अनुमान नहुनु, पृष्ठपोषण नपाउनु जस्ता समस्यामा पनि पठनपाठन भइराखेको छ । समय समयमा देशको स्थिति स्थिर नहुनु, पाठ्यकम पनि परिवर्तन हुनु तर दुर्गम क्षेत्रमा सममा शिक्षणसँग सम्वन्धित सवै सामग्री समयमा उपलब्ध नहुदाँ शैक्षिक उपलब्धी स्वर कमजोर रहेको पाइन्छ । त्यसको निम्ति सरोकार सवै निकायले सक्रिय रूपमा कार्य गरेमा पाठ्यकम कार्यान्वयनमा आएका समस्या समाधानका साथै उद्देश्य तथा लक्ष्य प्राप्तिमा सजिलो हुनेछ भन्ने कुराले उनले आफ्नो शोध अध्ययनमा उल्लेख गर्नुभएको छ ।


आचार्य (सन् २००४) ले 'माध्यामिक तहको सामजिक शिक्षा  शिक्षणमा शैक्षिक सामग्रीको उपलब्धता र प्रयोगको अवस्था' सम्वन्धी अध्ययनको माध्ययमबाट यस विषयको कार्यन्वयनको अवस्था हेर्नुभएको छ । यस अध्ययनमा सामाजिक शिक्षा शिक्षणका लागि शैक्षिक सामग्रीको अवस्था, उपलब्धा, मूल्याङ्कन सामाग्रीको प्रयोग गर्न नसक्नाको कारणहरु पत्ता लगाउने उद्देश्य राखिएको थियो जस अनुसार अध्ययनको प्राप्तीको रूपमा शिक्षक निर्देशीका अनुरूप सामाजिक शिक्षा अध्यापन गर्दा सामाग्रीकै अभाव, सामाग्री खरीद गर्न पनि बजारमा अभाव रहेको, सामाजिक शिक्षालाई सामन्य र सरल विषयको रूपमा लिएको, तालिम प्राप्त शिक्षकको अभाव रहेको कुरा उल्लेख गर्नु भएको छ । जसलाई सामाधान गर्न सामाजिक शिक्षा शिक्षणमा आवश्यक सामाग्री पुस्तकको परिशिष्टमा उल्लेख हुनुपर्ने, शिक्षकलाई तालीमको व्यवस्था हुनुपर्ने सामाग्री खरीदकालागि विद्यालयमा छुट्टै आर्थिक कोष हुनुपर्ने कुरामा जोड दिनुभएको पाइयो ।

ढकाल (२०५७) ले पनि 'सार्वजनीक विद्यालयहरुमा कक्षा ८ को सामाजिक शिक्षा विषयमा शिक्षण विधि' विद्यार्थीको उपलब्धी विचको सम्बन्धको बारेमा अध्ययन गर्नु भएको थियो । यस अध्ययनको प्राप्तीमा कक्षा ८ को सामाजिक शिक्षा विषय दुई वर्ष अघिदेखि लागु भएपनि शिक्षक निर्देशिका प्रकाशीत नभएकोले सामाजिक विषय शिक्षणमा शिक्षकहरुले उचित विधिको प्रयोग गर्न नसकेको, कानुन र व्यवस्थापन विषय लिई अध्ययन गरेको शिक्षकद्धारा शिक्षण भएको, शिक्षकहरुले दैनिक पाठयोजना नबानाई शिक्षण गरेको, अधिकांश शिक्षकहरुले शिक्षणका क्रममा अत्यन्तै कम शैक्षिक सामग्रीको प्रयोग गरेको, तालिम प्राप्त शिक्षकले पनि शिक्षक केन्द्रित विधि नै प्रयोग गर्ने गरेको कारण सामाजिक शिक्षा शिक्षणमा विद्यार्थी केन्द्रित विधि अपनाएर शिक्षण गरे विद्यार्थीको उपलब्धि स्तर उच्च रहने कुरा उल्लेख गर्नुभएको छ ।

माथी उल्लेखित पुस्तक तथा शोध अनुसन्धानले माध्यामिक तहको सामाजिक अध्ययन विषयमा अनुसन्धान गर्न धेरै सहयोग पुऱ्याएको छ । सामाजिक अध्ययन विषयको कार्यन्वयनको यी पूर्व अध्ययनहरुले मेरो अध्ययनको क्षेत्रलाई अझ फराकिलो बनाउन मद्धत पुऱ्याएको छ । तर अझै सम्म पनि माध्यामिक तहमा सामाजिक अध्ययनमा एकिकृत गरिएका विषयवस्तुहरुको पहिचान सम्वन्धि कुनै अनुसन्धान हुन नसकेको कारण आफ्नो अनुसन्धानलाई अझ उत्कृष्ट बनाउन यि शोध अध्ययन "माध्यामिक तहको सामाजिक अध्ययनमा एकिकृत गरिएका विषयवस्तुका अवस्था र कार्यान्वयन" संग सम्बन्धित रहेको थियो ।

## २.३ अवधारणात्मक ढाँचा

माध्यामिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत विषयवस्तुको अवस्था र कार्यन्वयनसंग सम्बन्धीत अध्ययन, अनुसन्धानको लागि निम्न अनुसारको अवधारणात्मक ढाचाँ निर्माण गरिएको थियो ।



## परिच्छेद :- तीन

## अध्ययन विधि

कुनै पनि अनुसन्धानलाई कसरी अगाडि बढाउने भन्ने कुरा अनुसन्धान विधिले स्पष्ट पार्दछ । अनुसन्धान गर्दा अनुन्धान विधि राम्रो र स्पष्ट बुझ्ने खालको भएन भने त्यस अनुसन्धानबाट प्राप्त निश्कर्षहरु सही हुदैनन् र अध्ययन अनुसन्धानको अर्थ हुदैन । त्यसैले यस अनुसन्धानलाई सार्थकता प्रदान गर्न निम्न अध्ययन विधिहरु अपनाईने छ ।

### ३.१ अनुसन्धान ढाँचा

यस अध्ययन/अनुसन्धान कार्यमा विषय शिक्षक,स्रोत व्यक्ति र विशेषज्ञ प्राप्त सूचनाको विश्लेषण गर्न आवश्यकता अनुसार गुणात्मक  ढाचाँ अपनाइने छ ।

यस अध्ययनको अनुसन्धान ढाँचा निम्नानुसार रहेको छ ।

| क्र.सं | उद्देश्य | साधनहरु | प्रतिक्रियादाताहरु | |
|---|---|---|---|---|
| | | | विषय शिक्षक | स्रोत व्यक्ति |
| १. | माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको पहिचान गर्न | अन्तर्वार्ता | ✓ | |
| | | छलफल समुह | | ✓ |
| २. | माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको पाठ्यक्रम क्षेत्र र क्रमको अवस्था | अन्तर्वार्ता | ✓ | |
| | | छलफल समुह | | ✓ |

यस अध्ययन अनुसन्धान कार्यमा दस्तावेज अध्ययन अर्न्तगत शिक्षक निर्देशिका, तालिम पुस्तिका, पाठ्यक्रम र पाठ्यपुस्तक आदि प्रयोग गरी आवश्यक सूचनाहरु संकलन गरिएको छ ।

### ३.२ जनसंख्या

अध्ययनसंग सम्वन्धित जनसङ्ख्या भन्नाले नमुना छनोटमा परेका सामुदायिक विद्यालयका विषय शिक्षक, स्रोत व्यक्ति र विषय विषेशज्ञ रहेका छन् ।

### ३.३ नमुना छनोट

यस अध्ययन/अनुसन्धान कार्यमा निम्न पद्धति अनुसार नमुना छनोट गरिएको छ ।

#### ३.३.१ विद्यालय छनोट

यस अध्ययन अनुसन्धान कार्यका लागि विद्यालय छनोट गर्दा सुविधाजनक नमुना छनोट विधि अपनाई सुनसरी जिल्लामा रहेका ५ वटा सामुदायिक विद्यालयहरु छनोट गरिएको छ ।

#### ३.३.२ विषय शिक्षक छनोट

यस अध्ययन अनुसन्धान कार्यका लागि उद्धेश्यमूलक नमुना छनोट विधि प्रयो गरी नमुनामा परेका ५ वटा विद्यालयहरुबाट ५ जना विषय शिक्षक छनोट गरिएको छ ।

#### ३.३.३ स्रोत व्यक्ति/विषय विशेषज्ञ छनोट

सामाजिक समुहका विषयहरुमा दक्षता भएका ५ जना स्रोत व्यक्तिहरु त्था विषय विशेषज्ञहरुलाई उद्धेश्य नमुना छनोट विधिको आधारमा नमुना छनोट गरिएको छ ।

### ३.४ तथ्याङ्क स्रोतहरु

यस अनुसन्धानमा प्राप्त गरिने सुचनाका स्रोतहरु निम्न रहेका छन् :-

#### ३.४.१ प्राथमिक स्रोत

तथ्याङ्क सङ्कलनका साधनहरुको प्रयोग गरी नमुना छनोटमा परेका विद्यालयका विषय शिक्षक, स्रोतव्यक्तिहरु र विषय विशेषज्ञलाई अर्न्तवार्ता अनुसूची र लक्षित समुह छलफल विधि अपनाई सुचना संकलन गरीएको छ ।

#### ३.४.२ गौण स्रोतहरु

तथ्याङ्क सङ्कलनका क्रममा यस अध्ययनसंग मेल खाने दस्तावेज अध्ययनबाट प्राप्त सुचनालाई नै गौण स्रोतको रूपमा लिएको छ ।

## ३.५ साधनको निर्माण

कुनै पनि अध्ययन/अनुसन्धान गर्नका लागि उपयुक्त साधनको आवश्यकता पर्दछ । त्यसैले यस अध्ययन कार्यलाई पुर्ण बनाउन निम्न साधनको निर्माण गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता अनुसूची

माध्यामिक तहको सामाजिक अध्ययनमा एकिकृत गरिएका विषयवस्तुको जानकारी र कार्यान्वयनको पक्षलाई समेट्ने गरी अर्न्तवार्ता सूची निर्माण गरी नमुना छनोटमा परेका विद्यालयका विषय शिक्षक प्रयोग गरिएको छ । उक्त अर्न्तवार्ता सुचीलाई अनुसुची १ मा राखिएको छ ।

### ३.५.२ लक्षित समुह छलफल निर्देशिका

सामजिक विषयमा दक्षता भएका व्यक्ति तथा स्रोत व्यक्तिहरुलाई समुह छलफल निर्देशिका संचालन गरी उक्त विषयमा एकीकृत गरिएका विषयवस्तुको अवस्था र त्यस विषय वस्तुको क्षेत्र र क्रमको जानकारी प्राप्त गरिएको छ । उक्त निर्देशिकालाई अनुसूची २ मा राखिएको छ ।

### ३.५.३ दस्तावेज अध्ययन

शोध अध्ययनको लागि सत्य तथ्य जानकारी प्राप्त गर्नको लागि शिक्षक निर्देशिका, तालिम पुस्तिका, पाठ्यपुस्तक, पाठ्यक्रम आदीको अध्ययन गरिएको छ ।

## ३.६ साधनको वैधता निर्धारण

यस अध्ययन 'माध्यामिक तहमा सामाजिक अध्ययनमा एकीकृत गरिएका विषयवस्तुको अवस्था' तिनिहरुको क्षेत्र र क्रमको अवस्था पत्ता लगाउन निर्माण गरेको अर्न्तवार्ता अनुसूची र लक्षित समुह छलफल निर्देशिका जस्ता साधनहरुलाई वैधता स्थापनाका लागि सहपाठी साथीहरु बीच छलफल गरी आएका विचारहरुबाट साधनहरु परिमार्जन गरिएको छ र साथै शोध निर्देशक ज्यूको सल्लाह तथा सुझाव अनुसार साधनको अन्तिम रूप दिइएको छ ।

### ३.७ तथ्याङ्क सङ्कलन प्रक्रिया

यस शोध अध्ययनका लागि तथ्याङ्क संकलन गर्न छनोट गरिएका सुनसरी जिल्लाका ५ वटा सामुदायिक विद्यालयहरुमा अध्ययनकर्ता स्वयम् गई तथ्याङ्क संकलनका लागि तयार पारिएका साधनहरु अर्न्तवार्ता अनुसूची,लक्षित समुह छलफल र दस्तावेज अध्ययन गरी आवश्यक सुचना संकलन गरिएको छ ।

- शिर्षकसंग सम्वन्धित विषयवस्तु समावेश गरी तयार पारिएको अर्न्तवार्ता अनुसूची नमुना छनोटमा परेका विषय शिक्षकलाई प्रयोग गरी आवश्यक सुचनाहरु प्राप्त गरिएको छ ।
- सामाजिक अध्ययन विषयसंग सम्बन्धित विषयवस्तु समावेश गरी तयार पारिएको लक्षित समुह छलफल निर्देशिका विषय विशेषज्ञ तथा स्रोत व्यक्तिमा सञ्चालन गरी आवश्यक सूचना प्राप्त गरिएको छ ।
- विषयवस्तुसंग सम्वन्धित लेख, रचना, पाठ्यक्रम, निर्देशिका तालिम पुस्तिका अध्ययन गरी सुचनाहरु संकलन गरीएको छ ।

# परिच्छेद- चार

## तथ्याङ्कको विश्लेषण र व्याख्या

अनुसन्धान कार्यको लागि चाहिने आवश्यक तथ्याङ्क प्राप्त गरिसकेपछि ती प्राप्त तथ्याङ्कहरुलाई व्यवस्थित रूपले राखेर विश्लेषण तथा व्याख्या गर्नुपर्ने हुन्छ । अध्ययन कार्यबाट के कस्ता सूचना प्राप्त भए तिनको व्याख्या विश्लेषण गरेर प्रस्तुत गर्नुपर्ने हुन्छ । माध्यमिक तहमा "सामाजिक अध्ययन विषयमा एकीकृत गरिएको विषयवस्तुको अवस्था" पत्ता लगाउनको लागि अर्न्तवार्ता लक्षित समूह छलफल र दस्तावेज जस्ता साधन निर्माण गरी सुनसरी जिल्लाको ५ वटा समुदायिक विद्यालयका विषय शिक्षक श्रोत व्यक्ति तथा विषय विशेषज्ञबाट सूचना संकलन गरिएको थियो । प्राप्त तथ्याङ्कलाई गुणात्मक स्वरूपमा विश्लेषण व्याख्या गरिएको थियो ।

### ४.१ माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकीकृत गरिएका विषयवस्तुहरुको अवस्था पहिचान गर्नु

मानिसले आफ्नो जीवनका आवश्यकताहरु प्राप्त गर्न र एक सुयोग्य नागरिकको जीवन यापन गर्न सामाजिक तथा भौतिक वातावरणसँग कसरी मिल्ने भन्ने मानविय अन्तरसम्बन्धको ज्ञान नै सामाजिक अध्ययन हो । वर्तमान समयमा प्राथमिक तह देखि माध्यमिक तह सम्म सामाजिक अध्ययन अनिवार्य विषयको रूपमा अध्ययन गरिंदै आएको छ । सामाजिक अध्ययन कुनै एउटा विषयवस्तुसँग मात्रै सम्वन्धित रहेको छैन । राष्ट्रिय देखि अन्तराष्ट्रिय स्तरसम्म यसको पहुँच पुऱ्याउनको लागि यस विषय भित्र सामाजिक विज्ञान अन्तर्गतका विभिन्न विषयवस्तुहरुलाई एकीकृत गरिएको छ । यस विषयको पाठ्यक्रममा समाजशास्त्र, मानवशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र, दर्शनशास्त्र, इतिहास, भुगोल, सामाजिक मनोविज्ञानका साथै संस्कृति र जनसंख्या जस्ता विषयवस्तु समावेश गरेर पाठ्यक्रम निर्माण गरिएको छ । यस विषयको पाठ्यक्रममा समावेश गरिएका सम्पूर्ण विषयहरु समसामयिक नै रहेका छन् । यस विषयमा एकिकृत विषयवस्तुहरुको माध्ययबाट राष्ट्र र अर्न्तराष्ट्रिय सम्वन्ध स्थापना गर्ने, व्यवहारिक, सामाजिक अन्तरक्रियासँग सम्बन्धित पक्षको ज्ञान दिलाँउछ । यस अनुसन्धानमा राखिएको उद्देश्य पुरा गर्ने क्रममा नमूना छनोटमा परेका विषय शिक्षकबाट प्राप्त भएको सूचनालाई विश्लेषण गर्दा सामाजिक

परिवर्तन, विश्वमा आएको नविनतम प्रविधिको बारेमा ज्ञान दिलाउने र सम्पूर्ण समाजको मागलाई आत्मासाथ गर्ने विषय भएकोले यो विषय माध्यमिक तहको बालबालिकाको लागी एकदमै महत्वपूर्ण विषय हो । यस विषयमा विशेषगरी आठओटा सामाजिक विज्ञान विषयहरु (अर्थशास्त्र, दर्शनशास्त्र, समाजशास्त्र, राजनीतिशास्त्र, मानवशास्त्र, भुगोल, इतिहास र संस्कृति) समावेश गरिएका छन् । जुन विषयवस्तुको अध्ययनबाट भावि जिवनयापनको लागि समाजको सवै क्षेत्रहरुको आधारभूत ज्ञान दिलाई सामाजिकरण प्रक्रियाबाट असल नागारिक बन्न प्रेरित गर्दछ ।

### ४.१.१ एकिकृत विषयवस्तु र उद्देश्य

उद्देश्य पाठ्यक्रमको प्रमुख तत्व हो । के पढाउने ? के विषय वस्तु लिने ? के कस्ता सिकारु अनुभवहरु प्रदान गर्ने ? कसरी मूल्याङ्कन गर्ने भन्ने बारे उद्देश्यले निर्देशन दिने गर्दछ । माध्यामिक तहको सामाजिक अध्ययन विषय भित्र धेरै विषयवस्तु एकीकृत गरिएकोले यस विषयको पाठ्यक्रमले ति सम्पूर्ण विषयवस्तुलाई समेटेको हुनु पर्दछ । सामान्यतया माध्यामिक तहमा चौध/प्रन्ध उमेरका विद्यार्थी पढ्ने हुँदा उनीहरुमा तर्क गर्ने, अवलोकन गर्ने तथा विषयहरु बुझ्ने र सुझबुझको पनि विकास भएको हुन्छ । यसरी यस तहका बालबालिकाहरुको उमेर, रुची, चाहाना र क्षमताको अध्ययनको आधारमा पाठ्यक्रमको उदेश्यहरु निर्धारण गरिएका छन् । माध्यमिक तहका सामाजिक अध्ययन विषयको पाठ्यक्रममा एकीकृत गरिएका सम्पुर्ण विषयवस्तुलाई समेटने गरि तहगत सामान्य उद्देश्यहरु २० वटा राखिएका छन् । यस पाठ्यक्रममा विद्यार्थीहरुलाई भौगोलिक तथ्यका साथै मानव क्रियाकलापमा प्राकृतिक वातावरणको साथ गराई ती सम्पूर्ण उद्देश्यहरु पूरा गराउने लक्ष्य राखिएको छ । विद्यार्थीहरुलाई सम्पूर्ण एकीकृत विषयवस्तुको ज्ञान दिनको लागि छुट्टाछुट्टै उद्देश्यहरु पाठ्यक्रमले समावेश गरेको छ । उनीहरुलाई समाजशास्त्र सम्बन्धी ज्ञान दिनका लागि सामाजिक समस्याको पहिचान गर्न त्यसका सामाधानका उपायहरु उल्लेख गर्न र उक्त कार्यमा सरीक हुन जस्ता उद्देश्यहरु समावेश गरिएको छन् । समाजशास्त्रलाई पूरा गर्नको लागि मानव विकासको अवधारणा नेपालमा मानव विकासको स्थितिको बारेमा विश्लेषण गरिएको छ । विद्यार्थीहरुलाई विगतको ऐतिहासिक सामाजिक स्थितिको जानकारी प्रदान गर्न र वर्तमान कसरी विकसित भयो भन्ने ज्ञान गराउन विश्वको राज्यक्रान्ति तथा स्वतन्त्र सङ्ग्राम, नेपालमा राणाशासन राणाशासनको उदय पश्चात

आजसम्मको प्रमुख ऐतिहासिक धाराणाहरुको अवगत गराउने खालको उद्देश्यहरु इतिहासलाई समेट्ने गरी पाठ्यक्रममा समावेश गरिएका छन् । नेपालको भौगोलिक अवस्थाको जानकारी दिनको लागि नेपालको हावापानीको अवस्था र ऋतु परिवर्तनका परिचय देशान्तरको कारणले समय र तिथिमा पार्ने प्रभाव, भौगोलिक विविधताबाट जनजीवनमा पर्ने असर, र नेपालको नक्सा अध्ययन गरी प्रमुख तथ्यहरुको संकेत जस्ता उद्देश्यहरुलाई पाठ्यक्रमले समेटेको छ । एक संयमित आर्थिक दक्षता सम्पन्न नागरिक तयार गर्न तथा आर्थिक पक्षको तालिम प्रदान गर्न नेपालको आर्थिक विकासमा कृषि, उद्योग, व्यापार र वैदेशिक रोजगारको योगदानबारे उल्लेख, आर्थिक योजनाका परिचय, महत्व र चालु योजनाको उल्लेख, महाद्विपहहरुको भौगोलिक, सामाजिक र आर्थिक क्रियाकलापको संक्षिप्त परिचय जस्ता उद्देश्यहरु अर्थशास्त्रसँग सम्वन्धित गरी समावेश गरीएको छ । मानवशास्त्रलाई समेट्ने गरी वा माध्यामिक तहको विद्यार्थीहरुलाई मानविय र समसामयिक घटनाको बारेमा सजग बनाउन संविधानको परिचय दिई नेपालको संवैधानिक विकासक्रमको व्याख्या राज्यका अंगहरुको परिचय र मानव अधिकार र सुशासनको अवधारणासँग परिचित भई सो अनुसार कार्य गर्न सक्ने मानव उत्पादन गर्ने जस्ता उद्देश्यहरु समावेश छन् । यस तहको विद्यार्थीहरुलाई दर्शनसँग सम्वन्धित ज्ञान दिनको लागि पाठ्यक्रममा हाम्रा परम्परा सामाजिक मुल्य र मान्यता, साहित्य कला र संस्कृतिको महत्व र तिनीहरुको संरक्षण कार्यमा सहयोग पुऱ्याउने, राष्ट्रिय र अर्न्तराष्ट्रिय व्यक्तित्वहरुको योगदान बताउन र उनीहरुले गरेका राम्रा कामहरुको अनुसरण गर्ने उद्देश्यहरु समावेश गरिएका छन् । समाजमा रहेका सामाजिक समस्यासँग परिचित गराई समाधानका उपायहरु खोजी उक्त कार्यमा सरीक हुनको लागि सामाजिक मनोविज्ञानले ज्ञान दिने भएकोले सामाजिक मनोविज्ञानसँग सम्वन्धित उक्त उद्देश्यहरु पनि पाठ्यक्रममा समावेश रहेका छन् । विश्वमा घटेका समसामायिक घटनाहरुले मानवसमाजमा पारेको प्रभाव मित्रहरु र सार्क संयुक्त राष्ट्रसंघ जस्ता अन्तराष्ट्रिय संघसंघठनहरुसँगको नेपालको सम्वन्ध तथा आपसी सहयोगको उल्लेखबाट माध्यामिक तहका विद्यार्थीहरुलाई देशको राजनीतिक अवस्थाको बारेमा जानकारी गराई राजनीति प्रति सचेत नागरिक उत्पादन गर्ने लक्ष्य माध्यमिक तहको पाठ्यक्रममा राखिएको छ ।

अध्ययनको उद्देश्य पुरा गर्ने क्रममा गरिएको तथ्याङ्क संकलन विषय शिक्षक, स्रोत व्यक्ति र विषय विशेषज्ञहरुको अनुसार पाठ्यक्रम समावेश गरिएका तहगत उद्देश्यहरु स्पष्ट

र प्रभावकारी रहेको साथै शिक्षाको राष्ट्रिय उद्देश्यहरु स्पष्ट र प्रभावकारी रहेको साथै शिक्षाको राष्ट्रिय उद्देश्यसँग मेल खाने खालको नै रहेको छ । सामाजिक अध्ययन एउटा एकीकृत विषय भएकोले पाठ्यक्रममा राखिएका उद्देश्यहरु पनि एकीकृत खालका नै रहेको भएपनि दर्शनसँग सम्बन्धित उद्देश्यहरु खासै नराखिएको उहाँहरुले वताउनु भयो । प्राप्त सुचना अनुसार सम्पूर्ण एकीकृत विषयवस्तु र उद्देश्यहरुको तालमेल मिलेको देखिन्छ तर नेपालको राजनैतिक इतिहासलाई कम महत्व दिइएको छ । आर्थिक क्षेत्रको पुनरावलोकन, समिक्षा र भावी योजना वा सम्भावव्यता स्पष्ट छैन । नागरिक दायित्व र लोक कल्याणकारी राज्य बारे नागरिक शिक्षामा कानुनी पक्षलाई मात्र आधार मानिएको छ ।

विभिन्न विषवस्तुहरु समेट्ने गरी पाठ्यक्रमले राखेको तहगत उद्देश्यहरु निम्नलिखित छन्:

१. विकास तथा मानव विकासको अवधारणा तथा नेपालमा मानव विकासको स्थिति वताउन,

२. क्षेत्रीय एंवम् दिगो विकासको अवधारण बताउन,

३. नेपालको विकास कार्यमा विकासका पूर्वाधारहरुका भूमिका उल्लेख गर्न र यसका विकासमा दक्ष जनशक्तिको आवश्यकता बताउनु,

४. हाम्रा परम्परा, सामाजिक मुल्य र मान्यता, साहित्य, कला र संस्कृतिको महत्व बताउने र तिनीहरुको संरक्षण कार्यमा सहयोग पुऱ्याउन,

५. राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तित्वहरुको योगदान बताउन र उनीहरुले गरेका राम्रा कामहरुको अनुसरण गर्न,

६. सामाजिक समस्या पहिचान गरी समाधानका उपायहरु उल्लेख गर्न र त्यस्ता कार्यमा सरीक हुन,

७. नेपालको सामजिक र आर्थिक विकासमा संघसंस्थाहरुले खेलेको भुमिका वर्णन गर्न,

८. संविधानको परिचय दिई नेपालको संवैधानिक विकासक्रम बताउन,

१०. मानव अधिकार र सुशासनको अवधारणासँग परिचित भई सो अनुसार कार्य गर्न,

११. नेपालको धरातलीय स्वरूपअनुसार हावापानीको अवस्था र यसले जनजीवनमा पार्ने प्रभाव बताउन,

१२. नक्सा र ग्लोबको अध्ययन गरि त्यसको प्रयोग गर्न,

१४.महाद्वीपहरुको भौगोलिक, सामाजिक र आर्थिक क्रियाकलाप बारे संङ्क्षिप्त परिचय दिन

१५. नेपालको ऐतिहासिक पृष्ठभूमि र घटनाहरुको सङ्क्षिप्त रूपमा वर्णन गरी त्यसबाट परेको प्रभाव उल्लेख गर्न,

१६. विश्वका प्रमुख राजनितिक र आर्थिक घटनाहरुको वर्णन गर्न,

१७. नेपालको आर्थिक विकासमा कृषि, उद्योग, व्यापार र वैदेशिक रोजगारको योगदानबारे उल्लेख गर्न,

१८. आर्थिक योजनाको परिचय, महत्व र चालु योजनाको उल्लेख गर्न,

१९. मित्रराष्ट्र र सार्क, संयुक्त राष्ट्रसंघ जस्ता अन्तराष्ट्रिय सङ्गठनहरुसँगको नेपालको सम्वन्ध तथा आपसी सहयोगको वर्णन गर्न ।

त्यसैगरी पाठ्यक्रमले राखेको कक्षागत उद्देश्यलाई विश्लेषण गर्दा माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रम उपयुक्त तहगत उद्देश्यका साथै कक्षागत उद्देश्यहरु स्पष्ट र व्यवहारिक रूपमा निर्द्धिष्ट गरिएका छन् ।

कक्षा ९ को सामाजिक अध्ययनको पाठ्यक्रममा २९ ओटा विशिष्ट उद्देश्यहरु समावेश गरिएको छ । विद्यार्थीहरुमा नेपालको विगतको ऐतिहासिक, सामाजिक र राजनीतिक स्थितिको ज्ञान दिलाउने र विगतको आधारमा वर्तमानको व्याख्या एवम् विश्वका ऐतिहासिक स्वतन्त्रता सङ्ग्रामको जानकारी दिलाउने खालका उद्देश्यहरु पाठ्यक्रममा समावेश छन् । इतिहासलाई समेट्ने गरी इतिहासिक स्रोतहरुको खोजी र अध्ययन गरी त्यसको उपयोग, नेपालको एकीकरण अभियानको संङ्क्षिप्त रूपमा वर्णन र यसको प्रभाव, नेपाल अंग्रेज युद्धका प्रमुख नेपाली विरवीरङ्गनाहरुको योगदान र साथै नेपालमा राणाशासनको उदय, अन्त्यका कारण र सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव सम्वन्धी उल्लेख जस्ता उद्देश्यहरु समावेश गरिएका छन् । समाजमा रहेका सामाजिक समस्याको पहिचान, समाधानका उपायहरु र समाधान कार्यमा सहभागी, संस्कृतिको परिचय गराउन नेपाली कलाको पृष्ठभूमिमा हस्तकला, चित्रकला, वास्तुकला र मुर्तिकलाको परिचय, नेपालमा जाति, धर्म भाषा, क्षेत्र, लिङ्ग आदिको दृष्टिले विविधता पहिचान गरी एक अर्कामा सहिष्णुता कायम राख्न, मानवको अध्ययनलाई सहज बनाउन विकास, दिगो विकास तथा

मानव विकासको अवधारणा, नेपालमा मानव विकासको स्थितिको विश्लेण जस्ता उद्देश्यहरुको माध्यमबाट मनोविज्ञान, दर्शनशास्त्र र समाजशास्त्र सम्वन्धी ज्ञान दिने लक्ष्य अनुरुप पाठ्यक्रम समावेश गरिएको छ ।

एक योग्य र प्रभावकारी नाकारिकको रूपमा समाजका आर्थिक कठिनाईलाई बुझ्न सक्ने सामाधान प्रक्रियाको व्यवहार गर्न नागरिक उत्पादन गर्ने लक्ष्य राखी औद्योगिक क्रान्तिले मानव समाजमा पारेको प्रभाव, नेपालको अर्थिक विकासमा कृषि, उद्योग र व्यापार विचको आपसी सम्वन्ध र महत्व, नेपालको अर्थतन्त्रमा उद्योगको महत्व तथा विकासको सम्भवनाहरु, आर्थिक योजनाको परिचय नेपालको गरिवी निवारण आर्थिक र रोजगारमा आर्थिक प्रर्वद्धनमा अर्थिक योजनाले पुऱ्याएको सहयोग, सार्क राष्ट्रहरुको आपसी सहयोग, नेपालमा द्रातृ राष्टहरुसँगको सम्वन्ध र सहयोग जस्ता उद्देश्यहरुको माध्यमबाट अर्थशास्त्रको राजनितिशास्त्रको ज्ञान दिलाउने प्रयास गरिएको छ । मानव सम्वन्ध अन्तर्गत संविधानको परिचय, नेपालको संवैधानिक विकासक्रमको उल्लेख, वर्तमान संविधानले प्रदान गरेका मौलिकहक तथा मानव अधिकार, सुशासनको अवधारणा र नागरीक समाजको भूमिका जस्ता उद्देश्य भूमिका जस्ता उद्देश्य पाठ्यक्रममा राखी मानवशास्त्रसँग विद्यार्थीलाई परिचित खोजिएको छ भने देशको भौगोलिक अवस्थाको अध्ययन गर्नको लागि देशान्तरको कारणले समय र तीथीमा पार्ने प्रभाव, नेपालको हावापानीको अवस्था र ऋतु परिवर्तन, भौगोलिक विविधताबाट जनजीवनमा पर्ने असर र नेपालको नक्सा कोरी प्रमुख स्थान एवम् तथ्यहरु भर्न सक्ने सीपको विकास गराउने उद्देश्यहरु पाठ्यक्रममा समावेश छन् ।

त्यसैगरी कक्षागत उद्देश्यहरुलाई विश्लेषण गर्दा कक्षा १० को पाठ्यक्रमको विभिन्न एकीकृत विषयहरु (समाजशास्त्र मानवशास्त्र, दर्शन, राजनीतिशास्त्र, अर्थशास्त्र मनोविज्ञान, इतिहास र भुगोल) लाई समेट्ने गरी जम्मा २७ वटा विशिष्ट उद्देश्यहरु पाठ्यक्रममा समावेश छन् ।

माध्यमिक तहका विद्यार्थी भनेका विशेष गरी यौवन अवस्था अथवा १३/१५ वर्ष उमेर समुहका हुने भएकोले उनीहरुलाई आफ्नो भावी जीवन प्रति सचेत गराई समाज र सामाजिक गतिविधबारे जानकारी गराउन सामाजिक अध्ययनको पाठ्यक्रममा समाजशास्त्र सँग सम्वन्धी ४ वटा उद्देश्यहरु क्षेत्रीय विकासको अवधारणा दिई विभिन्न क्षेत्रको भौगोलिक, सामाजिक, आर्थिक पक्षको तुलानात्मक विवरण दिन, ती आयोजना सञ्चालन लागि सहयोग गर्न र सहभागी हुन, नेपालमा विकासका कठिनाईहरु तथा समाधानका उपायहरु

उल्लेख गर्न र सहभागी हुन् विकासका पूर्वधारका रूपमा दक्ष जनशक्ति र शान्ति सुव्यवस्थाको महत्व आवश्यकता दर्शाउन समावेश गरिएको छ। एकिकृत गरिएको विषय दर्शनशास्त्र अर्न्तगत हाम्रो सांस्कृतिक सम्पदाहरुको पहिचान, संरक्षण तथा संवर्धनमा सहयोग गर्न, हाम्रा लोकनृत्य, लोकगित र लोकबाजाको महत्व वर्णन गर्न तथा त्यसको उत्थानमा सहयोग गर्न, हाम्रा राष्ट्रिय दिवसहरुको महत्व वर्णन र त्यस्ता दिवसहरुमा आफ्नो सहभागिता जनाउन र अन्तराष्ट्रिय व्यक्तित्वको योगदान उल्लेख गर्न र उनीहरुले देखाएका राम्रा कुराहरुको अनुसरण गर्नु जस्ता ४ वटा उद्देश्यहरु पाठ्यक्रममा राखी विद्यार्थीहरुलाई दर्शनमा पोख्त बनाउने लक्ष्य राखीएको छ। सामाजिक विकृतिहरुले समाजमा पारेको प्रभाव, त्यसको समाधानमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुले खेलेको भूमिका र त्यस्ता कार्यमा सहयोग गर्नु जस्ता उद्देश्य समाजिक मनोविज्ञानलाई पुरा गर्न पाठ्यक्रम समावेश गरिएको छ। माध्यमिक तहका विद्यार्थीहरुलाई मानव अधिकार, कर्तव्य र भूमिका बारे सजग गराउँन एकिकृत विषयवस्तु मानवशास्त्र अर्न्तगत नेपालको शासन प्रणालीमा राजनितीक दलहरुको भुमिका वर्णन, निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नु पर्ने भूमिका उल्लेख, राज्यका तीन अंगहरु तथा संवैधानिक अंगहरुको सङ्क्षिप्त परिचय गठन प्रक्रिया र कार्यहरुको उल्लेख, मानव अधिकारको अवधारणासँग परिचयभई सो अनुसारको व्यवहार गर्ने र राष्ट्रिय सरोकारकका विषयमा सचेत हुन र सो अनुरुप व्यवहार गर्ने उद्देश्यहरुलाई पनि पाठ्यक्रमले समेटेको छ । त्यस्तै अर्को एकीकृत विषय भुगोलसँग सम्बन्धित उद्देश्यहरु विश्वका हावापानीको प्रकारको संक्षिप्त परिचय र यसले जनजीवनमा पार्ने असर उत्तर अमेरिकामा एवम् दक्षिण अमेरिका र अफ्रिका महाद्धीपहरुको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलापबारे वर्णन गर्न र नेपालसँग तुलना गर्न, भुकम्पको परिचय, त्यसको असर र सुरक्षाका उपायहरुको अवलम्वन गर्न तथा नेपालको नक्सा उतारी नेपाल एवम् विश्वको नक्सामा प्रमुख तथ्यहरु भर्न सक्ने सक्षम नागरिक उत्पादन गर्नको लागि भुगोल विषयलाई एकीकृत गरिएको छ । देश विदेशका महापुरुष, राजा, शासन व्यस्था, घटेका घटनाहरु आदिको बारेमा इतिहासले जानकारी दिन्छ । यस्ता पुराना कुराहरुको अध्ययन माध्यमिक तहमा हुनु जरुरी छ । त्यसैले इतिहास विषलाई सामाजिक अध्ययन विषयमा एकीकृत गरिएको छ। जस अर्न्तगत वि.सं. २००७ सालदेखि २०४६ सालसम्मका प्रमुख राजनीतिक घट्नाक्रममा राखिएका छन् । माध्यामिक तहका बालबालिका भोलिका आम्दानीको मुख्य स्रोत हुन् । उनीहरुलाई सक्षम र योग्य नागरिक बनाउनको लागि अर्थशास्त्रलाई पनि

सामाजिक अध्ययन विषयमा एकीकृत गरिएको छ । जस अर्न्तगत नेपालमा पर्यटन उद्योगको महत्व र विकासका सम्भावनाहरुको उल्लेख गर्न, पर्यटन उद्योग विकासका समस्या र समाधानका उपायहरु उल्लेख गर्न, नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्व, सम्भावना र चुनौती उल्लेख गर्न, चालु योजना र यसका उद्देश्य एवम् कार्यक्रम उल्लेख गर्ने खालका उद्देश्यहरु पाठ्यक्रममा समावेश गरिएको छ । अर्को एकीकृत गरिएको विषय राजनितिशास्त्रको माध्यमबाट संयुक्त राष्ट्रसंघ र यसका विशिष्टीकृत संस्थाहरुसँगको सम्बन्ध तथा सहयोग वर्णन गर्न र विश्वमा घटेका समसामयिक घटनाहरुले मानव जीवनमा पारेको प्रभाव सम्वन्धी जानकारी दिने उद्देश्य राखिएको छ ।

यस अध्ययनमा राखिएका उद्देश्यहरु पुरा गर्ने क्रममा नमूना छनोटमा परेका विषय शिक्षकहरुबाट प्राप्त भएको सुचना अनुसार माध्यामिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रमले राखेको तहगत र कक्षागत उद्देश्यहरु स्पष्ट सान्दर्भिक र पुरा गर्न सकिने रहेको बताउनु भयो । पाठ्यक्रम समावेश गरिएका उद्देश्यहरुले सम्पूर्ण एकीकृत विषयवस्तुलाई समेटेको भएपनि परिवर्तीत समय अनुसार उक्त स्पष्ट उद्देश्य निर्धारण र उक्त उद्देश्य निर्धारण र उक्त उद्देश्य अनुसारको शैक्षिक सामग्री उपलब्ध भएको खण्डमा राष्ट्रिय उद्देश्य पुरा गर्न अझ सजिलो पर्ने शिक्षकहरु बताउनुहुन्छ । हाम्रो समुदायमा चेतना स्तर कम भएको हुनाले समुदायसँग सम्बन्धित उद्देश्यहरु पुरा गर्न प्रयोगात्मक रूममा गाह्रो हुने कुरा बताउनु हुन्छ ।

यस अध्ययनमा राखिएको उद्देश्यलाई पुरा गर्ने क्रममा नमूना छनोटमा परेका स्रोत व्यक्ति तथा विषय विशेषज्ञहरुबाट प्राप्त सुचनालाई विश्लेषण गर्दा यस विषयको पाठ्यक्रममा समावेश गरिएका उद्देश्यहरु विद्यार्थीको उमेर, स्तर र समाजको आवश्यकता अनुकुल प्राप्त गर्न सकिने, सान्दर्भिक र राष्ट्रिय उद्देश्यसँग मेल खाने खालका भएता पनि भौगोलिक, सांस्कृतिक, धार्मिक विविधताका कारण कतिपय उद्देश्यहरुलाई स्थानीय स्तरमा सुहाँउदो बनाउन अफठ्यारो भएको छ । त्यसैले यस विषयको स्थानीय पाठ्यक्रम तयार गर्न सके बढी व्यवहारिक र उपयागी हुने थियो । विषय विशेषज्ञहरुको अनुसार एकीकृत गरिएका सम्पूर्ण विषयवस्तु र उद्देश्य विचको तालमेल समग्रमा मिलेको देखिन्छ तर नेपालको राजनैतिक इतिहासलाई कम महत्व दिइएको छ, आर्थिक क्षेत्र को पुनरावलोकन समीक्षा र भावी योजना वा सम्भाव्यता स्पष्ट छैन साथै नागरिक दायित्व र लोककल्याणकारी राज्यबारे नागरिक शिक्षामा कानुनी पक्षलाई मात्रै आधार मानिएको छ ।

कक्षा ९ र १० को कक्षगत उद्देश्यहरु निम्ननुसार छन्:

**कक्षा ९ का विशिष्ट उद्देश्यहरुः**

१. विकास, दिगो विकास तथा मानव विकासको अवधारणा बताउन

२. नेपालमा मानव विकासको स्थितिको विश्लेषण

३. नेपालको विकास कार्यमा शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत र खानेपानीको विकास उल्लेख गर्ने

४. नेपाली कलाको पृष्ठभुमिमा हस्तकाला, चित्रकला, वास्तुकला र मुर्तिकलाको परिचय दिन र तिनको संरक्षण कार्यमा सहभागी हुन

५. हाम्रा राष्ट्रिय विभुतिहरुबाट राष्ट्रका लागि भएका योगदानहरुको वर्णन गर्न र उनीहरुले गरेका राम्रा कुराहरुको अनुसरण गर्न

६. सामाजिक समस्या पहिचान गर्न, त्यसका समाधानका उपयहरु उल्लेख गर्न र समाधान कार्यहरुमा सहभागी हुन

७. संविधानको परिचय दिई नेपालको संवैधानिक विकासक्रम उल्लेख गर्न

८. वर्तमान संविधानले प्रदान गरेको मौलिक हक तथा मानव अधिकार उल्लेख गर्न

९. सुशासनको अवधारणा बताई नागरिक समाजको भुमिक उल्लेख गर्न

१०. नेपालमा जाति, धर्म, भाषा, क्षेत्र, लिङ्ग आदिको दृष्टिले विविधताको पहिचान गरी एक अर्कामा सहिष्णुता कायम राख्न

११. देशान्तरको कारणले समय र तिथिमा पार्ने प्रभाव बताउन

१२. नेपालको हावापानीको अवस्था र ऋतुको परिचय दिन

१३. भौगोलिक विविधताबाट जनजीवनमा पार्ने असर बताउन

१४. नेपालको नक्सा अध्ययन गरी प्रमुख तथ्यहरु सङ्केत गर्न

१५. एसिया, युरोप र अस्ट्रेलिया महाद्धीपको प्राकृतिक, सामाजिक जनजीवन तथा आर्थिक क्रियाकलापको सङ्क्षिप्त परिचय दिन र नेपालसँग तुलना गर्न

१६. ऐतिहासिक स्रोतहरुको खोजी र अध्ययन गरी त्यसको उपयोग गर्न

१७. नेपालको एकीकरण अभियानको सङ्क्षिप्त रूपमा वर्णन गर्न र यसले पारेको प्रभाव बताउन

१८. नेपाल अङ्ग्रेज युद्धका प्रमुख नेपाली वीरवीरङ्गनाहरुको योगदान बताउन

१९. नेपालमा राणशासनको उदय, अन्त्यका कारण र सामाजिक तथा आर्थिक पक्षमा पारेका प्रभाव उल्लेख गर्न

२०. औद्योगिक क्रान्तिले मानव समाजमा पारेको प्रभाव उल्लेख गर्न

२१. नेपालको अर्थिक विकासमा कृषि, उद्योग र व्यापारबीचको आपसी सम्बन्ध र महत्व वर्णन गर्न एवम् तिनको सुधारमा योगदान दिन

२२. नेपालको अर्थतन्त्रमा उद्योगको महत्व तथा विकासका सम्भावनाहरु उल्लेख गर्न

२३. नेपालमा उद्योगका समस्याहरु र यसलाई प्रवर्द्धन गर्ने उपायहरु बताउन र आवश्यक योगदान दिन

२४. आर्थिक योजनाको परिचय दिन र अघिल्लो योजनाको समिक्षा गर्न

२५. नेपालमा गरिबी निवारण र रोजगार प्रवर्द्धनमा आर्थिक योजनाले नेपालमा गरिबी निवारण र रोजगार प्रवर्द्धनमा आर्थिक योजनाले पुर्‍याएको सहयोग उल्लेख गर्न

२६. सार्क राष्ट्रहरुको आपसी सहयोग र सदभावनाबारे वर्णन गर्न

२७. नेपालका दातृ राष्ट्रहरुसँगको सम्बन्ध र सहयोगबारे बयान गर्न

२८. नेपाललाई संयुक्त राष्ट्रसङ्घको सदस्यको रूपमा चिन्न र अन्तराष्ट्रिय शान्ति स्थापनाका लागि नेपाल संयुक्त राष्ट्रसङ्घमा खेलेको भुमिका वर्णन गर्न

२९. विश्वमा घटेको समसामायिक घटनाहरुले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्न

**कक्षा १० का विशिष्ट उद्देश्यहरु**

१. क्षेत्रीय विकासको अवधारणा दिई विभिन्न क्षेत्रको भौगोलिक, सामाजिक, अर्थिक पक्षको तुलनात्मक विवरण दिन

२. नेपालमा सञ्चालित मुख्यमुख्य आयोजनाहरको विवरण दिन, ती आयोजना सञ्चालनका लागि सहयोग गर्न र सहभागी हुन

३. नेपालमा विकासका कठिनाईहरु तथा समाधानका उपायहरु उल्लेख गर्न र सहभागी हुन

४. विकासको पूर्वाधारको रूपमा दक्ष जनशक्ति र शान्ति सुव्यवस्थाको महत्व तथा आवश्यकता दर्साउन

५. हाम्रो सांस्कृतिक सम्पदाहरुको पहिचान गर्न र संरक्षण तथा संवर्धनमा सहयोग गर्न

६. हाम्रा लोकनृत्य, लोकगीत र लोकवाद्यको महत्वको वर्णन गर्न तथा त्यसको उत्थानमा सहयोग गर्न

७. हाम्रा राष्ट्रिय दिवसहरुको महत्व वर्णन गर्न र त्यस्ता दिवसहरुमा आफ्ने सहभागिता जनाउन

८. अन्तरष्ट्रिय व्यक्तित्वको योगदान उल्लेख गर्न र उनीहरुले देखाएका राम्रा कुराहरुको अनुसरण गर्न

१०. राज्यका तीन अङ्गहरु तथा संवैधानिक अङ्गहरुको सङ्क्षिप्त परिचय दिन, गठन प्रक्रिया र कार्यहरु उल्लेख गर्न

११. नेपालको शासन प्रणालीमा राजनीतिक दलहरुको भूमिका वर्णन गर्न

१२. निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भूमिका उल्लेख गर्न

१३. मानव अधिकारको अवधारणासँग परिचीत भई सोअनुसारको व्यवहार गर्न

१४. राष्ट्रिय सरोकारका विषयमा सचेत हुन र सोअनुरुपको आचरण गर्न

१५. विश्वको हावापानीको प्रकारको संङ्क्षिप्त परिचय दिन र यसले जनजीवनमा पार्ने असर बताउन

१६. उत्तर अमेरिका एवम् दक्षिण अमेरिका र अफ्रिका महाद्धिपहरुको प्राकृतिक, सामाजिक र आर्थिक क्रियाकलापबारे वर्णन गर्न र नेपालसँग तुलना गर्न

१७. भुकम्पको परिचय दिन, यसको असर र सुरक्षाका उपायहरु अवलम्बन गर्न

१८. नेपालको नक्सा उतारी नेपाल एवम् विश्वको नक्शामा प्रमुख तथ्यहरु भर्न

१९. वि.सं. २००७ सालदेखि २०४६ सालसम्मका प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामाजिक तथा आर्थिक क्षेत्रमा पारेको प्रभाव वर्णन गर्न

२०. वि.सं. २०४६ देखि हालसम्म भएका प्रमुख राजनीतिक घटनाक्रम र त्यसले सामजिक तथा आर्थिक क्षेत्रमा पारेका प्रभाव वर्णन गर्न

२१. प्रथम र द्धितिय विश्व युद्धको कारण, परिणामहरु प्रभाव र नेपालीहरुको भूमिका उल्लेख गर्न

२२. नेपालमा पर्यटन उद्योगको महत्व र विकासका सम्भावनाहरु उल्लेख गर्न

२३. पर्यटन उद्योग विकासका समस्या र समाधानका उपायहरु उल्लेख गर्न

२४. नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्व, सम्भावना र चुनौती उल्लेख गर्न

२५. चालु योजना र यसका उद्देश्य एवम् कार्यक्रम उल्लेख गर्न

२६. संयुक्त राष्ट्रसङ्घ र यसका विशिष्टीकृत संस्थाहरुसँगको सम्बन्ध तथा सहयोग वर्णन गर्न

२७. विश्वमा घटेको समसामयिक घटनाहरुले मानव जीवनमा पारेको प्रभाव उल्लेख गर्न ।

### ४.१.२ एकिकृत विषयवस्तु र शिक्षण विधि

विषयवस्तुले निर्दिष्ट गरेका उद्देश्य प्राप्त गर्न तथा विद्यार्थीलाई कुन माध्यमद्धारा ती ज्ञान, सीप, धारणाको हस्तान्तरण गर्ने भन्ने माध्यम नै शिक्षण विधि हो । शैक्षिक सामाग्रीहरु पाठ्यपुस्तकका क्रियाकलापहरुको प्रस्तुति गर्ने स्तरीय माध्यम नै शिक्षण विधि हो । अथवा शिक्षण सिकाई प्रक्रियालाई प्रभावकारी रूपमा विद्यार्थी सामु पु¥याउन आवश्यक महत्वपुर्ण साधन हो । माध्यमिक तहको सामाजिक अध्ययन विषय विभिन्न आठ ओटा विषयवस्तुहरु समाजशास्त्र, मानवशास्त्र, इतिहास, भुगोल, दर्शनशास्त्र, राजनितिशास्त्र, अर्थशास्त्र र सामाजिक मनोविज्ञानलाई समेटेर तयार पारीएको छ । यसमा उल्लेख गरिएका विषयवस्तुहरुको अध्ययन  अध्यापन गराउँदा सवै क्षेत्रलाई उतिकै महत्व दिनुपर्ने हुन्छ । सम्वन्धित विषयवस्तुको एकिकृत रूपमा अध्ययन विषयवस्तुको ज्ञान, सीप र धारणाको विकास गराउनु पर्दछ । विषयवस्तुको व्यवहारिक ज्ञान दिनका लागि कक्षाभित्र वा बाहिर आ-आफ्नो टोल, समुदायहरुसँग सम्बन्ध राखी समुदायसँग सम्बन्धित क्रियाकलापहरु गराउनु पर्दछ । यि विषय वस्तुलाई जस्ताको त्यस्तै कण्ठ गराउने शिक्षण पद्धतिलाई निरुत्साहन गरी विद्यार्थीहरुलाई आ-आफ्ना समुदायमा खोज गरी सिर्जनात्मक प्रतिभाको विकास गर्न प्रोत्साहन गर्नुपर्दछ ।

सामाजिक अध्ययनले कथा, कविता, नाटक, समाचार, चिठी, सम्पादकीय, गीत, प्रतिवेदन, रेखाचित्र, वृतचित्र, स्तम्भचित्र, तालिका, तस्बिर, नक्सा जस्ता सिर्जनशिल विद्याहरुमार्फत भाव अभिव्यक्त गरुन र त्यस्ता कुरामा सिर्जनात्क सीपको समेत विकास होस् भन्ने लक्ष्य राखेको छ । विद्यार्थीहरुलाई “गर र सिक” भन्ने धारणाको अभिवृद्धि गराउनु र विद्यार्थीहरुमा व्यवहारिक परिवर्तन ल्याउनु नै सामाजिक अध्ययन विषयको मूल लक्ष्य हो । सामाजिक अध्ययन विषय धेरै विषयहरुको एकिकृत रुप हो, त्यसैले सामाजिक विषय अध्यापन गराउन एउटै विधि अपूर्ण हुन्छ । त्यसकारण सामाजिक अध्ययन विषयमा उल्लेख गरिएका विभिन्न एकाईहरुको प्रकृति हेरी, विद्यार्थीहरुको अवस्था, विद्यालयको वातावरण, शैक्षिक सामाग्रीको उपलब्धता, स्रोत र साधन आदि कुराहरुको आधारमा सामाजिक ज्ञान, सीप, धारणा र दक्षतालाई विद्यार्थीसम्म पु¥याउन धेरै शिक्षण विधिहरुको प्रयोग गर्नुपर्ने आवश्यकता हुन्छ । सवै शिक्षकहरुमा शिक्षण गर्ने कला एउटै नहुने सवै विधार्थीहरुले एउटै प्रकृयाबाट समेत सिक्न नसक्ने हुनाले धेरै प्रकारको शिक्षण विधिको प्रयोग गर्नुपर्दछ ।माध्यमिक तहमा सामाजिक अध्ययन विषयको पाठ्यक्रमले तोकेको शिक्षण विधिहरु निम्न छन् ।

| | |
|---|---|
| १. प्रश्नोत्तर विधि | २. समस्या समाधान विधि |
| ३. अवलोकन विधि | ४. प्रर्दशन विधि |
| ५. छलफल विधि | ६. खोज विधि |
| ७. अभिनय विधि | ८. प्रयोगात्मक विधि |
| ९. आगमन विधि | १०. परियोजना विधि |
| ११. क्षेत्रभ्रमण विधि | |

माध्यमिक तहको सामजिक अध्ययन विषय बहु विषयको एकिकृत स्वरुप हो । त्यसैले सम्पूर्ण एकिकृत विषयवस्तु अनुसार छुट्टाछुट्टै शिक्षण विधि प्रयोग गर्नुपर्ने हुन्छ । एकिकृत विषय समाजशास्त्र अर्न्तगत रहेको दुईवटा एकाईहरु "हामी, हाम्रो समुदाय र राष्ट्र र हाम्रा विकासका पूर्वाधार अर्न्तगतको उद्देश्य पुरा गर्न छलफल प्रश्नोत्तर क्षेत्र भ्रमण र अवलोकन विधि अपनाउनु पर्छ । दर्शनशास्त्रलाई समेट्ने एकाई हाम्रो परम्परा, सामाजिक मुल्य र मान्यता र मान्यताहरु अध्यापन गराउनको लागि छलफल, प्रश्नोत्तर र खोज विधि प्रयोग गर्नुपर्दछ । त्यसै अर्को एकिकृत विषय सामाजिक मनोविज्ञानको विषयवस्तु सामाजिक समस्या र समाधान अर्न्तगत पाठ्यक्रमले राखेको उद्देश्य पुरा गर्न छलफल, प्रश्नोत्तर, अवलोकन र खोज विधिलाई अपनाई विद्यार्थीहरुलाई सक्रिय बनाउनुपर्दछ । मानवशास्त्रलाई समेटेको विषयवस्तु 'नागरिक चेतना' अर्न्तगतको उद्देश्य पुरा गर्न छलफल प्रर्दशन-प्रश्नोत्तर विधिहरु शिक्षकले अपनाउनुपर्छ । भुगोललाई समेटेको विषयवस्तु हाम्रो पृथ्वीलाई अध्यापन गराउन अवलोकन क्षेत्रभ्रमण, र प्रयोगात्मक विधि अपनाउनुपर्ने हुन्छ । इतिहास अर्न्तगतको हाम्रो विगत अध्यापन गर्दा छलफल, प्रश्नोत्तर अभिनय विधिहरु अपनाई पाठ्यक्रमले राखेका उद्देश्यहरुलाई पुरा गर्न सकिन्छ । त्यस्तै अर्को एकिकृत विषय अर्थशास्त्रलाई समेटेको विषयवस्तु आर्थिक क्रियाकलापमा छलफल, अवलोकन, प्रश्नोत्तर, प्रदर्शन र क्षेत्र भ्रमण जस्ता विधि अपनाई अर्थ सम्बन्धी उद्देश्यलाई पुरा गर्न सकिन्छ । सामाजिक अध्ययन विषयको अर्को एकिकृत विषय राजनितीशास्त्र अन्तर्गत अन्तराष्ट्रिय सम्वन्ध शान्ति र सहयोग सम्बन्धी ज्ञान विद्यार्थीहरुलाई दिन प्रदर्शन, छलफल, प्रश्नोत्तर, व्याख्या विधिहरु अपनाउनु पर्दछ ।

यी विधिहरुका साथसाथै पाठ्यक्रमले राखेका उद्देश्य पुरा गर्न वा शिक्षण सिकाई प्रक्रियालाई सरल र प्रभावकारी बनाउनको लागि शैक्षिक योजनाको पनि आवश्यकता पर्दछ । शिक्षणका लागि सहयोग हुने गरी बनाइएका कुनै पनि योजनालाई शैक्षिक योजना भनिन्छ ।

शैक्षिक योजना कुनै पनि विषयवस्तुको शिक्षण गर्नु भन्दा अगाडी के कति किन र कसरी शिक्षण गर्ने भन्ने कुरालाई विचार गरेर बनाइएको हुन्छ । नेपालको विद्यालयहरुमा प्राय शैक्षिक योजनाको रूपमा वार्षिक कार्यतालिका मात्र बनाउने चलन छ । यस प्रकारको शिक्षण प्रक्रियाले नजान्ने विद्यार्थीहरुले हतारमा पढाइएको पाठ्यवस्तु बुझ्न सक्दैनन । यस्तो प्रकारको स्थिति आउन नदिनको लागि शिक्षकले शिक्षण योजना बनाउनुपर्दछ । योजना विना कुनै पनि विषयवस्तु सिकाउँदा शिक्षण प्रक्रिया अन्यौलपूर्ण र अव्यवस्थित भई उद्देश्य प्राप्त हुन सक्दैन । सामाजिक शिक्षणमा आवश्यक पर्ने शैक्षिक योजना तीन प्रकारका छन् ।

१. वार्षिक पाठयोजना

२. एकाई योजना

३. दैनिक पाठयोजना

नमूना छनोटमा परेका विद्यालयका विषय शिक्षकहरुसँग अर्न्तवार्ता लिदाँ खासगरी सम्पूर्ण एकिकृत विषयसँग मेल खाने विधिहरु छलफल, प्रश्नोत्तर, पर्दशन र खोज विधि, अभिनय विधिहरु प्रयोग गर्न धेरै समय लाग्ने भएको कारण प्रयोग नगरेको बताए । साथै क्षेत्र भ्रमण पनि गर्नुपर्ने भएपनि विद्यालयले त्यसप्रति खासै चासो नदेखाएको कारण क्षेत्रभ्रमण नभएको बताए । शैक्षिक योजना  पनि वार्षिक रूपमा मात्रै बनाउने गरेको प्रायजसो विषय शिक्षकहरु बताउँछन् । दैनिक पाठयोजनालाई खासै महत्व दिने नगरेको उहाँहरुले बताउनु भयो ।

यसरी माध्यमिक तहको सामाजिक अध्ययन विषय वहुविषय एकिकृत विषय भएकोले यस विषयको शिक्षण गर्दा वढी उदाहरणहरुको प्रयोग गर्नुपर्ने, प्रश्नोत्तर, छलफल, खोज, क्षेत्रभम्रण जस्ता वढी अभ्यास गराउने वा विद्यार्थीलाई सक्रिय गराउने विधिको प्रयोग गर्नुपर्ने जसले गर्दा शैक्षिक उपलब्धि बढ्दै जाने पाइयो । तर कतिपय विद्यालयहरुले यस विषयका अध्ययन अध्यापन कार्य परम्परागत शैलीबाट नै भएको देखिन्छ । सामाजिक विषय जस्तो एकीकृत विषयलाई समय सापेक्ष रूपमा विद्यार्थीहरुलाई व्यवहारिक ज्ञान, सिप र धारणा दिनको लागि विषयसँग सम्वन्धित एकाई पाठको प्रकृति अनुसार शिक्षण विधिको प्रयोग गर्नुपर्ने दखिन्छ ।

### ४.१.३ एकिकृत विषयवस्तु र शैक्षिक सामग्री

शिक्षण सिकाई क्रियाकलापलाई सरल सहज र प्रभावकारी बनाउन विषयवस्तुको प्रकृति अनुसार शिक्षण सिकाई क्रियाकलाप गर्दा प्रयोग गरिने सामाग्रीलाई नै शैक्षिक

सामाग्री भनिन्छ । शैक्षिक सामाग्री भनेको शिक्षण सिकाई क्रियाकलापलाई प्रभावकारी गराउन प्रयोग गरिने अभिन्न अंग हो । बालबालिकाहरुमा विभीन्न सीप तथा धारणाहरुको विकास गर्न एवम् उनीहरुको सिकाई अनुभव र सोचाइको क्षेत्रको अभिवृति विकास गर्न शिक्षणमा शैक्षिक सामाग्रीको प्रयोग गर्नु आवश्यक छ । सिकाईलाई दिगो र अर्थपुर्ण बनाउन शैक्षिक सामाग्रीको महत्वपुर्ण भुमिका रहेको हुन्छ । सिकाईलाई व्यवहारिक र उद्देश्यमुलक बनाउन शिक्षण कार्यमा प्रयोग गरिने सामाग्री नै शैक्षिक सामग्री हो । शैक्षिक सामाग्रीले अपेक्षित उद्देश्यलाई कम समयमा धैरै दिलाउन सक्षम हुन्छन् । शैक्षिक सामग्रीको महत्वले विद्यार्थीहरुलाई प्रत्यक्ष अनुभव गराउनुको साथै सिकाईलाई बढी उत्साहजनक बनाउन सकिन्छ । शैक्षिक सामाग्रीको व्याख्या गर्ने क्रममा चिनको प्रसीद्ध लोक उक्ती अनुसार "If I hear, I forget, If I do Know, If I See, I remember."

वास्तवमा धेरै विषयवस्तु समेटेर एकिकृत गरिएको सामाजिक अध्ययन विषयलाई शिक्षण गर्दा शैक्षिक सामाग्रीको उपलब्धता हुनुपर्ने कुरा ज्यादै महत्वपुर्ण कुरा हो । सामाजिक विषयमा समेटिएका समाजशास्त्र, मानवशास्त्र, दर्शनशास्त्र, इतिहास, भुगोल, राजनितीशास्त्र, मनोविज्ञान र अर्थशास्त्र जस्ता विषयवस्तुहरुलाई शिक्षण गर्न र वास्तविक ती विषयवस्तुहरुलाई शिक्षण गर्न र वास्तविक ती विषय वस्तुप्रतिको ज्ञान, सीप र धारणा विद्यार्थीहरुलाई उपलब्ध गराउन शैक्षिक सामाग्रीको उपलब्धता र प्रयोग अपरिहार्य रहेको छ । खासगरी माध्यमिक तहको सामाजिक अध्ययन विषयमा प्रयोग गरिने सामाग्री भन्नुपर्दा विभीन्न देशका नक्साहरु, ग्लोब, पोष्टर, चित्रहरु, चार्टहरु, समसामयीक लेखहरु यस विषयभित्र प्रयोग गरिने सामाग्री हुन् ।

माध्यमिक तहको सामाजिक अध्ययन विषय अर्न्तगत एकिकृत विषय समाजशास्त्रभित्र रहेका विषयवस्तु हामी, हाम्रो समुदाय र राष्ट्र अध्यापन गराउन नेपालमा सञ्चालित आयोजनाहरुको चित्र प्रयोग गर्नुपर्ने र अर्को विषयवस्तु हाम्रा विकासका पूर्वधारहरु अर्न्तगत विकासका पुर्वाधार लेखिएको पोष्टर चित्रहरु प्रयोग गर्नुपर्ने देखिन्छ । दर्शन अन्तर्गत रहेको विषयवस्तु हाम्रो परम्परा  सामाजिक मुल्य र मान्यतासँग विद्यार्थीहरुलाई परिचित गराउन धार्मिक स्थलहरुको चित्र, हस्तकला, चित्रकला, वास्तुकला र मुर्तिकलाका नमूनाहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय विभुतिहरुको चित्रहरु प्रयोग गर्नुपर्ने उल्लेख गरिएको छ । त्यस्तै अर्को एकिकृत विषय सामाजिक मनोविज्ञान अर्न्तगत राखिएको विषयवस्तु सामाजिक समस्या र समाधानलाई विद्यार्थी समक्ष पु¥याउन सामाजिक समस्या र समाधानका उपायबारेमा

उल्लेखित पोष्टर, पम्प्लेट, उल्लेखित चार्ट/चित्र प्रयोग गर्नुपर्दछ । माध्यामिक तहका विद्यार्थीहरुले मानवशास्त्र अर्न्तगत रहेको नागरिक चेतनाको पाठ सजिलै बुभ्नको लागि संविधानमा उल्लेखित मौलिक हक, शुशासन सम्बन्धी लेखहरु, मानव अधिकार र कर्तव्य बुभ्फाउने लेखहरु र व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको गठन प्रक्रिय र कार्यहरु उल्लेखित पोष्टरहरु आदि शिक्षकले प्रयोग गर्नुपर्दछ । नेपाल साथै विश्वको भौगोलिक अवस्थाको ज्ञान दिलाउन भुगोल अर्न्तगत रहेको हाम्रो पृथ्वी अध्यापन गराँउदा ग्लोब, नेपालको नक्सा, विश्वको नक्साको प्रयोग गर्नुपर्दछ । सामाजिक अध्ययनमै एकिकृत गरिएको अर्को विषय इतिहास अर्न्तगत रहेको विषयवस्तु हाम्रो विगत अध्यापनको क्रममा शिक्षकले ऐतिहासिक घटनाहरुको विवरण नेपाली वीर वीरङ्गनाहरुको तस्वीर विभिन्न अन्दोलन र सम्भ्फौताहरु सम्बन्धी पोष्टरहरु प्रयोग गर्दा विद्यार्थीहरुले सजिलै इतिहासलाई ग्रहण गर्न सक्दछन् । माध्यमिक तहका विद्यार्थी भनेको भविष्यको आर्थिक श्रोत हुनाले यस विषयमा एकिकृत गरिएको विषय अर्थशास्त्र अर्न्तगत रहेको विषयवस्तु आर्थीक क्रियाकलाप अध्यापनको क्रममा शिक्षकले व्यापारको चित्र, तालिका, उद्योगधन्दा संचलित चित्र पोष्टरहरु, पर्यटन र कृषि सम्बन्धी पोष्टर, लेखहरु प्रयोग गर्दा अर्थ सम्बन्धी योग्य नागरिक तयार हुने देखिन्छ । त्यस्तै नेपाल र अन्य देश विचको कुटनैतिक सम्बन्ध ज्ञान दिलाउने उद्देश्यले एकीकृत गरिएको विषय राजनितिशास्त्र अर्न्तगत रहेको विषयवस्तु अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग अध्यापन गराउदाँ सार्क राष्ट्रहरुको नक्सा, भ्फण्डा, विश्व परिवेशसँगको सम्बन्ध उल्लेखित पोष्टरहरु, संयुक्त राष्ट्रसंघको गतिविधिहरु उल्लेखित पोष्टरहरु, समसामयिक घटना सम्बन्धी लेख, पोष्टर, चित्रहरु जस्ता शैक्षिक सामाग्री आवश्यक पर्दछ ।

नमूना छनोटमा परेका विषय शिक्षकहरुका अनुसार सामाजिक विषय एक मिश्रित वा एकिकृत विषय भएकोले प्रत्येक विषयवस्तुको लागि शैक्षिक सामग्रीको आवश्यकता पर्दछ । सामान्यतया नक्सा ग्लोब चार्टहरु कहिलेकाँही प्रयोग गर्ने गरेको शिक्षकहरुले बताए । तर सबै पाठ अनुसारका शैक्षिक सामाग्री उपलब्ध नभएको र उपलब्ध भएपनि समयको अभावको कारण प्रयोग गर्न नसकिएको हो भन्ने साभ्फा भनाई शिक्षकहरुको रहेको छ । शिक्षकहरुको भनाई अनुसार कतिपय शैक्षिक सामाग्रीहरु कहाँ पाइन्छ भन्ने थाहा नभएर र विद्यालयले यस प्रति खासै चासो नदेखाएको कारण पनि उपलब्ध हुन नसकेको बताए ।

समग्रमा माध्यामिक तहको सामाजिक अध्ययन बहु विषय एकिकृत विषय भएकोले यसको अध्यापन गर्दा शैक्षिक सामाग्रीको प्रयोग गर्नु अति आवश्यक देखिन्छ । शिक्षक

निर्देशिकाले तोकेको शैक्षिक सामाग्रीहरु विभिन्न चार्ट, पोष्टर, तस्बिरहरु नक्सा, झण्डा, ग्लोबहरु प्रर्याप्त नै भए पनि समयको अभाव र विद्यालयले चासो नदेखाएको कारण प्रयोग गर्न नसकिएको पाइयो ।

### ४.१.४ एकिकृत विषयवस्तु र मुल्याङ्कन प्रक्रिया

शिक्षण सिकाई क्रियाकलापमा पाठको उद्देश्य कति प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ, अध्यापन गरेर पाठबाट विद्यार्थीले के कति ज्ञान लिन सके, कति बुझे भन्ने कुरा थाहा पाउन कक्षाकोठामा साथै शैक्षिकसत्रमा मुल्याङ्कन गर्नु आवश्यक हुन्छ । कुनै पनि विषयवस्तुको शिक्षण सिकाई प्रक्रियाको अभिन्न अंगको रूपमा मुल्याङ्कनलाई मानिन्छ । शिक्षण सिकाई प्रकृयाको समाप्ती पश्चात विद्यार्थीहरुमा अपेक्षित उदेश्य हाँसिल भयो वा भएन भनेर लेखाजोखा गर्ने कार्यलाई मूल्याङ्कन भनिन्छ । विद्यार्थी मूल्याङ्कनबाट प्राप्त नतिजाको आधारमा शिक्षक तथा विद्यालयको गुणस्तरको समेत मूल्याङ्कन गर्न सकिन्छ । विद्यार्थीहरुको मूल्याङ्कनबाट विद्यालयको शैक्षिक गुणस्तर कायम गर्न ठूलो मद्धत पुग्दछ । विद्यालय तहमा विद्यार्थी उपलब्धि मूल्याङ्कनका लागि निरन्तर, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन प्रकृयालाई आवश्यकता अनुसार अवलम्न गर्नुपर्ने हुन्छ । प्रत्येक पाठको शिक्षण पश्चात निर्धारित शैक्षणिक उदेश्य तथा सञ्चालित शिक्षण सिकाई क्रियाकलापका अवस्थामा कक्षाको वातावरण अनुसार प्रश्न सोधिनुका साथै विद्यार्थीको बाल मनोविज्ञान र कार्य सम्पादनको आधारमा समेत लिनु पर्दछ । यसरी गरिएको मूल्याङ्कन नतिजाको आधारमा शिक्षण सकिाईमा निरन्तर पृष्ठपोषण प्रदान गर्न निर्माणात्मक मूल्याङ्कनको प्रयोग गर्नु पर्दछ ।

माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यकममा समावेश गरिएको विशिष्ट उदेश्यहरु र तिनका विषयवस्तुको आधारमा विद्यार्थीहरुको सिकाई उपलब्धिहरुको मूल्याङ्कनका आधारहरु निम्नानुसार निर्धारण गरिएका छन् ।

१. विशिष्ट उदेश्यअनुरुप विद्यार्थीहरुले विषयवस्तुको ज्ञान, सीप अभिवृद्धि हाँसिल गर्न सकेका छन् कि छैनन भन्ने सम्बन्धमा निरन्तर मूल्याङ्कन गरिरहनुपर्दछ ।

२. यसरी गरिएका मूल्याङ्कनको आधारमा शिक्षण सिकाईमा आवश्यक सुधार गरी अध्यापनलाई अझ प्रभावकारी बनाउनुपर्दछ ।

३. विद्यार्थीहरुलाई उनीहरुले हाँसिल गरेका सिकाई उपलब्धिको जानकारी दिनुपर्दछ, जसबाट उनीहरुमा भएका कमी कमजोरी हटाउन मद्धत पुग्दछ ।

४. अभिभावकहरुलाई पनि विद्यार्थीहरुको प्रगति विवरणको जानकारी दिन सकेमा उहाँहरुलाई आफ्ना छोराछोरीको अध्ययनमा सुधार ल्याउन मद्धत मिल्छ ।

५. विद्यार्थीहरुले सिकेका कुराहरुको व्यावहारिक प्रयोग भए नभएको अवलोकन गरी सुधार गर्नुपर्छ । विद्यार्थीहरुलाई योजना कार्य र सामुदायिक कार्य गराउन विशेष जोड दिनुपर्छ ।

६. सामाजिक अध्ययन विषयको मुल्याङ्कन गर्दा विद्यार्थीहरुको समुदायमा खोज गरेका विषयवस्तुहरु उनीहरुका आफ्नै सिर्जनाहरु गीत, कविता, कथा प्रतिवेदन, चिठी, समाचार, नाटक, सम्पादकिय, चित्र, तालिका, नक्शा, ग्राफहरु जस्ता विभिन्न कार्यहरुको शिक्षकद्धारा अवलोकन गरी उनीहरुका सिकाई उपलब्धिको मुल्याङ्कन गुर्नुपर्दछ ।

सामाजिक अध्ययन विषय भित्र समेटिएको सम्पूर्ण एकिकृत विषयलाई ध्यानमा राख्दै विशीष्टीकरण तालिकामा निम्ननुसारको निर्णयात्मक मुल्याङ्कनको प्रक्रियालाई समेटीएको छ । विशेषगरि निर्णायात्मक मुल्याङ्कन तयार गर्दा B.S. Bloom को ज्ञान, वोध र प्रयोगका पक्षलाई समेटीएको छ । जुन निम्नानुसार रहेको छ ।

| एकाइ | मुल्याङ्कन प्रक्रिया | | |
|---|---|---|---|
| | ज्ञान | वोध | प्रयोग |
| १. हामी हाम्रो समुदाय र राष्ट्र | १ | १ | १ |
| २. विकासका पुर्वाधारहरु | १ | × | १ |
| ३. हाम्रो परम्परा सामाजिक मुल्य र मान्यता | × | १ | × |
| ४. सामाजिक समस्या र समधान | १ | १ | १ |
| ५. नागरिक चेतना | १ | १ | १ |
| ६. हाम्रो पृथ्वी | १ | १ | १ |
| ७. हाम्रो विगत | १ | १ | १ |
| ८. आर्थिक क्रियाकलाप | १ | १ | × |
| ९. अर्न्तराष्ट्रिय सम्बन्ध शान्ति | १ | १ | × |

नमुना छनोटमा परेका विद्यालयका विषय शिक्षकहरुका अनुसार मुल्याङ्कनको लागि पाठको समाप्ति पछि प्रश्नोत्तर गर्ने, गृहकार्य दिने गरेको बताए तर संधै गृहकार्य जाँच गर्न समयले नभ्याउने पनि बताए । विशेषगरी मुल्याङ्कनको साधनको रुपमा परीक्षालाई मात्रै लिने गरेको पाइयो । निर्माणात्मक मुल्याङ्कनको लागि प्रथम र द्वितिय परीक्षा लिने र निर्णयात्मक मुल्याङ्कनको लागि वार्षिक परीक्षालाई नै आधार मान्ने गरेको उनीहरुको भनाईबाट प्रष्ट हुन्छ । विद्यार्थी मुल्याङ्कनको लागि केवल लिखीत परीक्षामा नै भई पर्ने गरेको स्थलगत सर्वेक्षणबाट देखियो ।


समग्रमा माध्यमिक तहको सामाजिक अध्ययन विषय स्थानीय स्तरदेखि अन्तराष्ट्रिय स्तरसम्मको अध्ययन गर्न सकिने विषय हो । यस विषयभित्र समाजशास्त्र, दर्शनशास्त्र, मानवशास्त्र, मनोविज्ञान, राजनितीशास्त्र, भुगोल, इतिहास र अर्थशास्त्रजस्ता आठओटा विषयलाई समावेश गरिएको छ । यी सम्पूर्ण विषयवस्तुलाई समेट्नेगरी पाठ्यक्रमले तहगत र कक्षागत उद्देश्यहरु राखेको छ । जुन समसामयिक, स्पष्ट र राष्ट्रिय उद्देश्यलाई पुरा गर्ने खालको रहेका छन् । यिनै तहगत र विशिष्ट उद्देश्यलाई पुरा गर्नको लागि प्रश्नोत्तर र प्रदर्शन, समस्या समाधान, अवलोकन छलफल, खोज विधि अभिनय, परियोजना, प्रयोगात्मक तथा आगमन विधि शिक्षण विधिहरु प्रयोग गर्नुपर्दछ साथै विभिन्न चार्टहरु, पोष्टरहरु, तस्बिर, लेख रचनाहरुलाई शैक्षिक सामाग्रीको रूपमा प्रयोग गर्नुपर्दछ । विद्यार्थीहरुको उपलब्धी मापन गर्न निरन्तर, निर्माणात्मक र निर्णयात्मक मुल्याङ्कन अपनाउनु पर्दछ ।

## ४.२ सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयहरुको पाठ्यक्रममा क्षेत्र र क्रमको अवस्था

सामाजिक अध्ययन विशेष गरेर मानिसको अध्ययन हो । जुन मानवकै केन्द्रविन्दुमा घुमिरहेको हुन्छ । समाजमा रहँदा मानिसको जीवन प्रणाली, रहनसहन, आवश्यकता परिपुर्ति, माया, प्रेम, सद्भाव घृणा तिरस्कार आदि जस्ता क्रियाकलाप कसरी सञ्चालित हुन्छन् र तिनको प्रभाव अन्य व्यक्ति र समाजमा कसरी पर्दछ भन्ने कुरा सामाजिक अध्ययनले गर्दछ । हरेक व्यक्तिसँगको सम्बन्धलाई भौतिक र सामाजिक वातावरण आदिको अन्तक्रियाको आधारमा अध्ययन गर्नु यस विषयको प्रमुख क्षेत्र हो । यस विषयमा मानवका भुत वर्तमानका साथै भविष्यको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक प्राकृतिक आदि सवै पक्ष र तिनका समस्याहरु अध्ययन गरिन्छ । यसबाट मानिसले आफ्नो सामाजिक वातवरणलाई

बुझ्दै आफुलाई सामाजिक चचिरत्रका रूपमा उभ्याउन र सामुहिक जीवन विताउन सहयोग पुऱ्याउँछ ।

सामाजिक अध्ययनको मुख्य क्षेत्र भनेको घरपरिवार, छरछिमेक, आफ्नो समाज, राष्ट्र र अन्तराष्ट्र समेत हो । यसले विद्यार्थीलाइ आफ्नो परिवारिक समस्यादेखि लिएर अन्राष्ट्रिय परिवेश र समस्याहरु बुझ्न मद्धत गर्दछ । तसर्थ आफ्नो घरपरिवारदेखि अन्तराष्ट्रिय स्तरसम्मका सामाजिक परिवेश वुझेर सो अनुकुल समायोजन हुनसक्ने ज्ञान, सीप, अभिवृत्ति प्राप्त गर्नु यस विषयको प्रमुख अध्ययन क्षेत्र हो । सामाजिक अध्ययन विषयको अध्ययन क्षेत्रलाई यसरी पनि प्रस्तुत गर्न सकिन्छ ।




**क) माध्यामिक तह कक्षा ९ मा एकिकृत गरिएका विषयवस्तुको क्षेत्र र क्रम**

**समाजशास्त्र**

१. हामी, हाम्रो, समुदाय र राष्ट्र

- विकास तथा मानव विकासको अवधारणा एवम् नेपालमा मानव विकासको स्थिती
- दिगो विकास

२. विकासका पुर्वाधारहरु

- विकासका पुर्वाधारहरुः शिक्षा स्वास्थ्य, सञ्चार, विद्युत र खानेपानी

**३. दर्शनशास्त्र**

- हाम्रो परम्परा, सामाजिक मुल्य र मान्यता
- हाम्रो रितिरिवाज र कलाको परिचय

हस्तकला

चित्रकला

वास्तुकला

मुर्तिकला

धर्म निस्पेक्षता

राष्ट्रिय विभुतीहरुबाट राष्ट्रका लागि भएका योगदान

**४.सामाजिक मनोविज्ञान**

- सामाजिक समस्या र समाधान
- सामाजिक समस्या पहिचान र यसको समाधान
- सामाजिक सुधारमा स्थानिय र राष्ट्रिय संङ्घसंस्थाको योगदान
- सामाजिक सुधारमा हालसम्म भएका प्रयासहरु

**५.मानवशास्त्र**

- नागरिक चेतना
- नेपालको संवैधानिक विकासक्रम
- नेपालको वर्तमान संविधानको विशेषताहरु
- वर्तमान संविधानले प्रदान गरेको भौगोलिक हक
- शुशासन (नागरिक समाजको भुमिकासमेत)
- विविधतामा एकता

  जाति, धर्म, भाषा, क्षेत्र, लिङ्ग

**६.भुगोल**

- हाम्रो पृथ्वी
- देशान्रको कारणले समय र तिथिमा पार्ने प्रभाव
- नेपालको धरातलिय स्वारुप यहाँको हावापानी र यसबाट मानव जीवनमा पर्ने प्रभाव
- एसिया, युरोप र अस्ट्रेलिया महादिपको प्राकृतिक साधन, आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन एवम् नेपालसँगको तुलना

**७. इतिहास**

- हाम्रो विगत
- ऐतिहासिक श्रोतहरुको खोजी, अध्ययन र त्यसको उपयोग

- नेपालको एकीकरण अभियान र यसको प्रभाव
- नेपाल अङ्ग्रेज युद्दमा नेपाली बीरवीरङ्गनाहरुको योगदान
- राणाशासनको उदय एवम् अन्त्यका कारणहरु र यसले सामाजिक तथा आर्थिक पक्षमा पारेको प्रभाव
- औद्योगिक क्रान्तिबाट मानव समाजमा परेको पभाव

**८. अर्थशास्त्र**

- अर्थिक क्रियाकलाप
- कृषि, उद्योग र व्यापारमा आपसी सम्बन्ध
- नेपालमा कृषिको महत्व, समस्या र यसको विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरु
- आर्थिक योजनाको परिचय र अघिल्लो योजनाको समिक्षा
- गरिबी निवारण र रोजगार प्रवर्द्धनमा आर्थिक योजनाले पुर्‍याउने सहयोग

**९. राजनितीशास्त्र**

- अन्तराष्ट्रिय सम्वन्ध, शान्ति र सहयोग
- सार्क राष्ट्रहरुविचको आपसी सहयोग र सद्भावना
- नेपालका दातृसंस्थाहरुसँग सम्बन्ध र सहयोग (द्धिपक्षिय तथा वहुपक्षीय)
- अन्तराष्ट्रिय शान्ति स्थापनाका लागि नेपालको पुर्‍याउदै आएको सहयोग
- संयुक्त राष्ट्रसंघमा नेपालको भुमिका
- विश्वमा घटेका समसामयिक घटनाहरुले मानवजीवनमा पारेको प्रभाव ।

**ख) माध्यमिक तह कक्षा १० मा एकिकृत गरिएको विषयको क्षेत्र र क्रम**

**समाजशास्त्र**

१. हामी, हाम्रो समुदाय र राष्ट्र

- क्षेत्रीय विकासको अवधारणा
- विकास क्षेत्रको तुलनात्मक अध्ययन

  भौगोलिक

  सामाजिक

  आर्थिक
- नेपालमा सञ्चालित आयोजनाहरु

२. विकासका पुर्वाधारहरुका रूपमा दक्ष जनशक्ति र शान्ति सुव्यवस्था

- विकासका पुर्वाधारहरुका रूपमा दक्ष जनशक्ति र शान्ति सुव्यवस्था
- नेपालको विकासका कठिनाइहरु त्था समाधानका उपायहरु

**दर्शनशास्त्र**

३. हाम्रो परम्परा, सामाजिक मुल्य र मान्यता

- सांस्कृतिक सम्पदाहरु
- हाम्रो रितिरिवाज, लोक तथा शास्त्रीय कला

  नृत्य

  गीत

  वाद्य
- हाम्रा रष्ट्रिय दिवसहरु
- अन्तराष्ट्रिय व्यक्तिहरु

**सामाजिक मनोविज्ञान**

४. सामाजिक समस्या र समाधान

- सामाजिक समस्याहरुः चेलिबेटी बेचविखन, देहव्यापार, छुवाछुत प्रथाहरु (दाइजो, घुम्टो, देउकी, झुम्का) आदिले समाजमा पारेका प्रभाव र समाधानका उपायहरु
- भ्रष्टचार, दुर्व्यसन आदि सामाजिक विकृतिले समाजमा पारेको प्रभाव र समाधानका उपायहरु
- सामाजिक संङ्घसंस्था र सामाजिक समस्या समाधानमा राष्ट्रिय तथा अन्तराष्ट्रिय संस्थाहरुले खेलेको भुमिका

**मानवशास्त्र**

५. नागरिक चेतना

- राज्यका तीन अंगहरु (कार्यपालिका, न्यायपालिका र व्यवस्थापिका) को गठन प्रक्रिया र कार्यहरु
- संवैधानिक अंगहरुको परिचय
- राजनितिक अंगहरुको परिचय
- राजनितीक दलको परिचय र भुमिका
- निर्वाचन प्रक्रिया र यसमा नागरिकले खेल्नुपर्ने भुमिका

- मानव अधिकार
- राष्ट्रिय सरोकारका विषय

**भुगोल**

६. हाम्रो पृथ्वी

- विश्वको हावापानीको प्रकार, हावापानी र धरातलीय विविधता बाट विश्वको जनजीवनमा पर्ने असर
- उत्तर अमेरिका र दक्षिण अमेरिका तथा अफ्रिका महाद्विप हरुको प्रकृतिक सामाजिक र आर्थिक क्रियाकलाप र सामाजिक जनजीवन र नेपालसँग तुलना
- भुकम्प, यसको कारण, असर र सुरक्षाका उपायहरु
- नक्सा कार्य ( विश्वको नक्सामा प्रमुख तथ्यहरु भर्न)
- विभिन्न तरिका अपनाई नेपालको नक्सा उतार्ने र प्रमुख तथ्यहरु भर्ने ।

**इतिहास**

७.हाम्रो विगत

- वि.सं. २००७ सालदेखि २०४६ सम्मको प्रमुख राजनितिक घटनाक्रम र त्यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव
- वि.सं. २०४६ देखि हालसम्मको राजनितिक घट्नाक्रम र यसले सामाजिक र आर्थिक पक्षमा पारेको प्रभाव
- पहिलो र दोस्रो विश्वयुद्दको कारण, परिणाम र नेपालीले खेलेको भुमिका

**अर्थशास्त्र**

- नेपालको अर्थतन्त्रमा पर्यटन उद्योगको महत्व र विकासका सम्भावनाहरु
- नेपालमा पर्यटन उद्योग विकासका समस्या र समाधानका उपायहरु
- नेपालको अर्थतन्त्रमा वैदेशिक रोजगारको महत्व सम्भावना र चुनौति
- चालु योजनाको उद्देश्य, कार्यक्रम र विकासमा पुऱ्याउने सहयोग

**राजनितिशास्त्र**

९. अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग

- संयुक्त राष्ट्रसंघ र यसका अङ्गहरु
- संयुक्त राष्ट्रसंघका विशिष्टीकरण संस्थाहरुसँगको नेपालको सम्बन्ध र सहयोग
- विश्वमा घटेका समसामयीक घटनाहरुले मानव-जीवनमा पारेका प्रभाव

नमुना छनोटमा परेका विषय शिक्षक, स्रोत व्यक्ति, विषय विशेषज्ञलाई अर्न्तवार्ता र लक्षित समुह छलफल विधि प्रयोग गर्दा सामाजिक अध्ययन विषयको अध्ययन क्षेत्रको बारेमा प्राप्त सुचनाहरुलाई विश्लेषण गर्दाः सामाजिक अध्ययनमा धेरै विषय एकिकृत गरिएकोले यस विषयको क्षेत्र व्यापक छ । यी विषयले स्थानिय स्तरदेखी अन्तराष्ट्रिय स्तरसम्मको ज्ञानहरुलाई समेटेको छ ।

मानिसलाई एउटा सुयोग्य, आदर्श प्रभावकारी र सुयोग्य नागरिक बनाउनको लागि जे जति ज्ञान, सिप र अभिवृत्तिहरु चाहिन्छन् ती कुराहरु सामाजिक विज्ञहरुजस्तै, दर्शन, राजनितीशास्त्र मानवशास्त्र, मनोविज्ञानबाट लिएर धारणा र सामाजिकरणको शिक्षा दिएर व्यवहारिक किसिमले समाजमा योगदान गर्न सक्ने नागरिक सिर्जना गर्नु सामाजिक शिक्षाको क्षेत्रभित्र पर्ने कुरा हो । विद्यार्थीहरुका सम्पुर्ण सामाजिक विकासका लागि आवश्यक ज्ञान, सीप र अभिवृतिको विकास विभिन्न सामाजिक विज्ञानहरुबाट उनीहरुको उमेर, आवश्यकता, स्तर, रुचि, क्षमता आदिको आधारमा पाठ्यवस्तु छनोट गरी एकिकृत र समन्वयात्मक रूपमा सामाजिक अध्ययन विषयको विषयवस्तु तयार गरिएको पाइयो ।

सामाजिक अध्ययन विषयको पाठ्यक्रमले समेटेको सम्पुर्ण विषयवस्तु क्रमबद्ध रहेको छ । समावेश सम्पूर्ण विषयवस्तुलाई सरल देखि जटिलको क्रममा मिलाएर राखिएको छ । सामाजिक अध्ययनमा एकिकृत रहेका विषयवस्तुहरु लम्विय र क्षितिजीय दुवै रूपमा रहेका छन् । सामाजिक अध्ययन विषय प्राथामिक तहदेखि नै अध्यापन हुदै आएको विषय हो । यस विषयमा समावेश विषयवस्तुहरु प्राथमिकतहदेखी नै मिल्दोजुल्दो रहेको छ ।

प्राथमिक तहमा सरलबाट सुरु गरेको विषयवस्तलाई माध्यमिक तहमा विशिष्ट/जटिल बनाएर प्रस्तुत गरिएको छ । सामाजिक अध्ययनमा पहिले आफ्नो घर, घरपरिवारको वातावरण, अञ्चल, देश र अन्त्यमा पुरै संसारको वस्तुस्थिति बारेमा ज्ञान दिदै गएको छ । प्राथमिक तहका विद्यार्थीहरुलाई सुरुमा लेखापढ गर्न नलगाई चित्र, अवलोकन, वर्णन, छलफल आदि माध्यमबाट पढाइप्रति रुचि जोगाउने प्रयत्न गरिएको छ भने त्यही समसामयिक विषयवस्तुलाई विशिष्ट बनाउदै लेखापढको साथै क्षेत्र भ्रमण, खोज, समस्या समाधान आदिको माध्यमबाट माध्यमिक तहका विद्यार्थीहरु सामु प्रस्तुत गरिएको छ ।

माध्यामिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रममा समावेश गरिएको विषयवस्तुहरु विच क्षितिजीय सम्वन्ध रहेको छ । एकाई/एकाई विच विषयवस्तुहरुलाई

सम्वन्धित गरिएको छ । एउटा एकाइको समाप्ति पछि अर्को एकाईमा समाप्ति पछि अर्को एकाईमा प्रवेश गर्दा पहिलो एकाइसँग सम्वन्धित नै गरेर विषयवस्तुहरु समावेश गरीएको छ ।

यसरी समग्रमा माध्यमिक तहको सामाजिक अध्ययन विषयको क्षेत्र र क्रमको विश्लेषण गर्दा सामाजिक अध्ययनको अवधारणाअनुरुप व्यक्तिको जीवन परिवारबाट सुरु भई छिमेक, समुदाय, क्षेत्र, राष्ट्र विश्व परिवेशसम्म पुग्ने भएकोले माध्यामिक तहको बालबालिकाको स्तरलाई हेरेर यस पाठ्यक्रममा उपयुक्त  विषय क्षेत्रलाई निम्नानुसार समेट्ने प्रयास गरिएको छ ।

- हामी, हाम्रो समुदाय र राष्ट्र
- विकासका पुर्वाधारहरु
- हाम्रो परम्परा, सामाजिक मुल्य र मान्यता
- सामाजिक समस्या र समाधान
- नगरिक चेतना
- हाम्रो विगत
- आर्थिक क्रियाकलाप
- अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग

माध्यमिक तहको सामाजिक अध्ययनमा समेटिएको यस विषयवस्तुहरु सांगठनिक रूपमा क्रमवद्ध रहेको छन् । यी सम्पुर्ण विषयवस्तुहरु वीच लम्विय र क्षितिजिय दुवै सम्वन्ध रहेका छन् ।

# परिच्छेद-पाँच

## प्राप्ति, निष्कर्ष र सुझावहरु

### ५.१ प्राप्ति

#### ५.१.१ माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुहरुको अवस्था पहिचान प्राप्तिहरु

- माध्यामिक तहको सामाजिक अध्ययन विषयमा सामाजिक विज्ञानका विषयहरुः समाजशास्त्र, दर्शनशास्त्र, मनोविज्ञान, मानवशास्त्र, इतिहास, भुगोल, अर्थशास्त्र र राजनितिशास्त्रलाई एकिकृत गरिएको पाइयो ।
- पाठ्यक्रममा समावेश गरेका उक्त विषयहरु समसामायिक नै रहेको देखियो ।
- उक्त विषयवस्तु समावेश गर्नुको मुख्य लक्ष्य विद्यार्थीको भावी जीवनयापनका लागि समाजका सवै क्षेत्रहरुको आधारभुत ज्ञान दिलाई सामाजिकीकरण प्रक्रियाबाट असल नागरिक बन्न प्रेरित गर्नु रहेको छ ।
- यस विषयको पाठ्यक्रममा राखिएको उद्देश्यहरु अघिल्लो सिकाईका लागि सहयोग हुने पाइयो ।
- भौगोलिक, भाषिक, धार्मिक, सांस्कृतिक विविधताले गर्दा केही उद्देश्यहरुलाई व्यवहारिक जीवनमा कार्यान्वयन गर्न नसकिएको देखियो ।
- सामाजिक विषय एकिकृत विषय भएकोले एउटै शिक्षण विधि द्धारा शिक्षण गर्दा उद्देश्य पुरा नहुने देखियो ।
- सामाजिक अध्ययन विषय अध्यापनको क्रममा प्रश्नोत्तर विधि, समस्या समाधान विधि, अवलोकन विधि, प्रदर्शन विधि, छलफल विधि, खोज विधि, अभिनय विधि, प्रयोगात्मक विधि, आगमन विधि, परियोजन विधि, क्षेत्रभ्रमण विधि जस्ता विधिहरु अपनाउनु पर्ने देखिन्छ ।
- विषय शिक्षकसँगको अर्न्तवार्ता अनुसार आधुनिक शैक्षिक पद्धति अनुसार शिक्षण गरेको पाइयो ।
- क्षेत्र भ्रमण विद्यालयले कहिलेकाँही गराउने गरेपनि त्यस भ्रमणलाई मनोरञ्जनको रूपमा लिइनुले सामाजिक विषयले राखेका उद्देश्यहरु पुरा गर्न नसकेको पाइयो ।

- यस विषयमा एकिकृत गरिएको विषयवस्तुलाई सहज बनाउनको लागि चार्ट, नक्साहरु, झण्डाहरु, तस्बिरहरु, लेख रचनाहरु, संविधानहरु शिक्षकले प्रयोग गर्नुपर्ने देखिन्छ ।
- कतिपय शिक्षकहरुका अनुसार कुनै-कुनै पाठको लागि विद्यार्थी केन्द्रित विधि प्रयोग गर्ने गरेको पाइयो ।
- कतिपय शैक्षीक सामाग्री पाइने स्थान थाहा नपाएर पनि प्रयोग नसकिएको पाइयो ।
- सामाजिक विषयको सिकाईको मुल्याङ्कन गर्दा निरन्तर, निर्माणात्मक र निर्णयात्मक मुल्याङ्कन गर्नुपर्ने पाइयो ।
- धेरै जसो विद्यालयहरुमा लिखित परीक्षालाई मात्रै आधार बनाएर मुल्याङ्कन गरिएको पाइयो ।

### ५.१.२ सामाजिक अध्ययन विषयमा एकिकृत गरिएको विषय वस्तुको क्षेत्र र क्रमको अवस्थाका प्राप्तिहरु

- यस विषयको पाठ्यक्रममा राखिएका विषयवस्तुहरु उद्देश्यसँग मेल खाने र सान्दर्भिक रहेको पाइयो ।
- यसमा समावेश गरिएको विषयवस्तुको साङ्गठनिक स्वरूप उपयुक्त रहेको पाइयो ।
- सामाजिक अध्ययनको क्षेत्र भनेको घरपरिवार, छरछिमेक, समुदाय गा.वि.स/नगर, जिल्लास्तर, क्षेत्रीयस्तर, राष्ट्रियस्तर, अन्तराष्ट्रिय सम्म रहेको छ ।
- माध्यमिक तहका सामाजिक अध्ययन भित्र हामी, हाम्रो समुदाय र राष्ट्र, विकासका पुर्वधारहरु हाम्रो परम्परा सामाजिक मुल्य र मान्यता, सामाजिक समस्या र समाधान नागरिक चेतना, हाम्रो पृथ्वी, हाम्रो विगत, अर्थिकक्रियाकलाप अन्तराष्ट्रिय सम्बन्ध, शान्ति र सहयोग जस्ता क्षेत्रहरु रहेको पाइन्छ ।
- यस पाठ्यक्रममा समावेश सम्पूर्ण विषयवस्तुबारे क्रमिक रूपमा सरलबाट जटिल तिर राखेको पाइयो ।
- सम्पुर्ण विषयवस्तुहरु लम्विय र क्षितिजीय दुवै क्रममा रहेको पाइयो ।

### ५.२ निष्कर्ष

शिक्षा निरन्तर चलि रहने प्रक्रिया हो । पाठ्यक्रमा उल्लेखित उद्देश्य हासिल गर्न उद्देश्य र विषयवस्तुको प्रकृति अनुसार विभिन्न किसिमका शिक्षण विधि तथा सामाग्रीको प्रयोग गरी शिक्षण कार्य गर्नुपर्दछ । शिक्षण विधि शैक्षिक सामाग्री र शैक्षिक व्यवस्थापनले विद्यार्थीहरुलाई सक्रिय बनाउनुका साथै शिक्षण प्रकृयालाई सरल र सहज बनाउदै विद्यार्थी विद्यार्थीहरुको व्यवहारमा परिवर्तन ल्याउन सहयोग गर्दछ ।

यस अध्ययननको क्रममा माध्यमिक तहको सामाजिक अध्ययन विषयमा एकिकृत गरिएका विषयवस्तुको अवस्था पत्ता लगाउनको लागि गरिएको दस्तावेज अध्ययन र नमुना छनोटमा परेका सुनसरी जिल्लाका ५ वटा सामुदायिक विद्यालयका पाँच जना विषय शिक्षक र ३ जना विषय विशेषज्ञ र २ जना स्रोत व्यक्तिहरुबाट प्राप्त सुचनाहरुको विश्लेषण र व्याख्या पश्चात प्राप्तिका आधारमा निम्नानुसारका निष्कर्ष निकालियो ।

सामाजिक अध्ययन विषय धेरै विषयवस्तु समेटेर तयार पारिएको एक गहन विषय हो । सामाजिक अध्ययन विषयलाई विभिन्न सामाजिक विज्ञानका विषयहरुद्धारा एकिकृत गरिएको छ । ती एकिकृत विषयहरु समाजशास्त्र, मानवशास्त्र, दर्शन, सामाजिक मनोविज्ञान, इतिहास, भुगोल, दिलाई बालबालिकालई योग्य, परिवर्तित र कर्मठशिल नागरिक उत्पादन गर्ने लक्ष्य यस विषयको पाठ्यक्रमले राखेको उद्देश्यहरु सान्दर्भिक समसामयिक, विद्यार्थीको रुचि, चाहाना, क्षमता र आवश्यकता अनुसार नै रहेको छ । सम्पूर्ण एकिकृत विषयवस्तु समेट्ने गरिनै उद्देश्यहरुपनि राखिएको छन् । सामाजिक अध्ययनले सामाजिक विज्ञानबाट विषयवस्तु लिएर विद्यार्थीहरुलाई वर्तमान विश्वमा भए गरेका तथ्य, घटनाहरुबारे ज्ञान दिने, सामाजिक सीप तथा अभिवृद्धिको विकासमा मद्धत पुऱ्याउने र एउटा उत्पादनशील नागरिक तयार गर्ने हुँदा माध्यमिक तहको सामाजिक शिक्षाको पाठ्यक्रममा बालबालिकालाई उनीहरुको सामाजिक र भौतिक वातावरणसँग सम्बद्ध विषयवस्तुप्रतिको ज्ञान, सीप र अभिवृतिमा विकास गराई एउटा उत्पादनशील र सक्रिय नागरिकको विकास गराउने उद्देश्य रहेको पाइयो । जुन उद्देश्यहरु पुरा गर्न विद्यार्थीहरुलाई अवलोकन भ्रमण, बादविवाद, समसामयिक घटना विवेचनाजस्ता कार्यमा संलग्न गराउनु उपयुक्त देखिन्छ । सामाजिक अध्ययन विषय गरेर सिक्ने विषय भएकोले शिक्षण विधिहरु प्रयोग गर्नुपर्ने देखिन्छ । पाठ्यक्रमका उद्देश्यहरुलाई बढी व्यवहारिक र प्रयोगात्मक बनाउनको लागि नक्सा, चार्टहरु, तस्बिर, लेख रचना जस्ता शैक्षिक सामाग्रीको प्रयोग गर्नुपर्ने देखिन्छ साथै क्रियात्मक

भुगोलमा व्यस्त गराउनु उचित देखिन्छ । विद्यार्थीहरुको शैक्षिक उपलब्धि पत्ता लगाउनको लागि लिखीत परीक्षालार्य मात्रै आधार नमानी विद्यार्थीको विभिन्न क्रियाकलापको पनि अध्ययन गर्नुपर्ने तथ्य दस्तावेज अध्ययनमा पाइयो ।

अर्न्तवार्ता र लक्षित समूह छलफल प्राप्त सूचना अनुसार पाठ्यक्रममा एकिकृत विषयहरु समसामयिक नै रहेको पाइयो । उद्देश्य र विषयवस्तुको तालमेल मिलेको र उद्देश्यहरु स्पष्ट, सान्दर्भिक नै रहेको पाइयो तर पनि हाम्रो देशको भौगोलिक विवीधता, धार्मीक विवीधता, भाषा आदिको कारण कुनै कुनै उद्देश्यहरुलाई व्यवहारिक बनाउन नसकिएको पाइयो । सवै विद्यार्थी केन्द्रीत शिक्षण विधिहरु समयको अभाव, प्रयाप्त स्रोत र साधनको कमीको कारण प्रयोगमा आउन नसकेको देखियो । मुल्याङ्कनको साधनको रूपमा धेरैजसो विद्यालयहरुले लिखीत परीक्षालाईनै आधार मानेको पाइयो ।

मानिसले आफ्नो जीवनका आवश्यकताहरु प्राप्त गर्न सुयोग्य नागरिक भई जीवनयापन गर्न, वौद्धिक, आध्यात्मिक र संवेदनशील सामाजिक प्राणीका रूपमा स्वयम्लाई अंगीकार गर्नुपर्दछ । यसका साथै सामाजिक र भौतिक विश्व वातावरणसँग परिचीत हुन, विगतका अनुभवबाट वर्तमानको खोजमा संलग्न हुन र भविष्यप्रति सचेत रही समाजको अध्ययन पनि गर्नुपर्दछ । यी सबै विषयवस्तुको अध्ययन क्षेत्र व्यापक रहेको छ । स्थानीय स्तरदेखी लिएर अन्तराष्ट्रिय परिवेशसम्मको क्षेत्र यस विषयवस्तुले ओगटेको छ । त्यसैले यस विषय एउटा वृहत क्षेत्र समेटिएको विषय भित्र पर्दछ । सामाजिक अध्ययन विषयको पाठ्यक्रमले समेटेको सम्पुर्ण विषयवस्तुको सांगठित स्वरूप मिलेका नै रहेको पाइयो । तल्लो तहदेखि माथिल्लो तहसम्म उस्तै विषयवस्तुलाई सरल देखि जटील बनाउँदै लगिएकोले लम्बिय क्रममा रहेको र एकाइहरु बीच पनि सहसम्बन्ध रहेकोले क्षीतीजिय संगठन पनि उचित रहेको पाइन्छ ।

समग्रमा विद्यार्थीहरुमा आफ्ना भौतिक एवम् सांस्कृतिक वातावरप्रतिको जानकारी समसामायिक मर्यादाको जानकारीबाट उनीहरुमा सोच्ने शक्ति तर्क गर्ने शक्ति बढि व्यवस्थित र सिर्जनात्मक हुन्छ । पारस्परिक निर्भरता सहयोग, समझदारी अरुको असल गुण र कार्यको सराहना गर्ने, समुहमा मिलेर काम गर्ने, उतरदायित्व बहन गर्नेजस्ता भावना सामाजिक शिक्षाका अध्ययनबाट विकसित हुन्छ ।

## ५.३ सुझावहरु

यस अध्ययनका क्रममा प्राप्त गरिएका प्राप्ति र निष्कर्षका आधारमा निम्नानुसरका सुझावहरु प्रस्तुत गरिएकोछ ।

- एकिकृत विषय शिक्षण गर्ने शिक्षकहरुलाई तालिमको उचित व्यवस्था गर्नुपर्ने ।
- विषय शिक्षकलाई भौगोलिक, सांस्कृतिक,  भाषिक, धार्मिक अवस्थाको जानकारी गराउनु पर्ने ।
- यस विषयको पाठ्यक्रममा केही प्रतिशत स्थानीय पाठ्यक्रम पनि तयार गर्न पहल गर्नुपर्ने ।
- पाठ्यक्रमको मर्म र भावना अनुसार शिक्षण गर्नका लागि दक्ष र अनुभवि, शिक्षकहरुको व्यवस्था गरिनु पर्दछ ।
- सवै विद्यालयहरुमा सामाजिक विषय शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामग्री, सन्दर्भपुस्तक तथा विभिन्न पत्रपत्रिकाहरुको व्यवस्था हुनुपर्दछ ।
- शैक्षिक सामाग्रीको निर्माण र प्रयोगका लागि सामाजिक शिक्षकलाई तालिमको व्यवस्था हुनुपर्दछ ।
- सामाजिक विषयलाई परम्परागत रूपमा प्रयोग गरिने व्याख्यान्न विधिबाट मात्र शिक्षण नगरी उपयुक्त पाठ्यवस्तुको प्रकृति अनुसार उपयुक्त हुने शिक्षण विधिहरु प्रदर्शन, समस्या समाधान,  खोज, क्षेत्र भ्रमण, अवलोकन अभिनय जस्ता विधिहरु छनोट गरी शिक्षण गर्नुपर्दछ ।
- सामाजिक शिक्षकले वार्षिक कार्ययोजना र सोही अनुसार दैनिक पाठ योजना निर्माण गरी पुर्व तयारीका साथ कक्षा शिक्षणमा सहभागी हुनुपर्दछ ।
- माध्यमिक तहका सामाजिक शिक्षकहरुलाई पाठ्यक्रम पाठ्यपुस्तक, शिक्षक निर्देशिका, पाठयोजना सम्बन्धित पक्षहरुले गोष्ठी, सेमिनार तथा छलफल कार्यक्रमहरु संचालन गर्नुपर्दछ ।

- समसामयिक घटनाक्रमहरुले जानकारी संकलन गरी शिक्षकले विद्यार्थीहरुलाई जानकारी गराउनु पर्दछ । साथै विद्यार्थीहरुलाई यस्ता कार्यमा सक्रिय गराउनुपर्दछ ।
- सामाजिक विषय वहुविद्यागत विषयको एकिकृत रूप भएकोले सामाजिक गतिविधि, परम्परा, धर्म, संस्कृति, भौगोलिक वातावरण विकासका पुर्वाधार, पर्यटन उद्योग जस्ता विभिन्न स्थानमा स्थानीय स्तरमा विभिन्न स्थानमा स्थानिय स्तरमा लघुक्षेत्र भ्रमण कार्यक्रमको व्यवस्था पाठको प्रकृति अनुसार गरिनु पर्दछ ।
- यस विषयको प्रभावकारीता बढाउनको लागी निर्णयात्मक मुल्याङ्कनमा मात्रै भर नपरि निरन्तर र निर्माणत्मक प्रक्रिया अपनाउनु पर्दछ ।
- सामुदायीक विद्यालयमा कार्यरत शिक्षकहरुलाई आफ्नो शिक्षण पेशा र कर्तव्यप्रति बढि उत्तरदायी तथा जिम्मेवार बनाउन सम्बन्धित निकायले समय-समयमा निरीक्षण एवम् अनुगमन प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।

## सन्दर्भ सामाग्रीहरु

अधिकारी, विष्णुप्रसाद (२०६६), *शैक्षिक निरीक्षण र नेपालका शैक्षिक प्रणाली,* बागबजार काठमाण्डौः आशिष बुक्स हाउस प्रा.ली. ।

अधिकारी, विष्णुप्रसाद (२०६८), *प्राथामिक शिक्षक दिग्दर्शन,* बागबजार काठमाण्डौः आशिष बुक्स हाउस ।

अधिकारी, विष्णुप्रसाद (२०६६), *माध्यमिक तह अध्यापन अनुमति पत्र,* बागबजार काठमाण्डौः आशिष पुस्तक भण्डार ।

अधिकारी, विष्णुप्रसाद (२०६१/ २०६२), *माध्यमिक शिक्षक दिग्दर्शन,* बागबजार काठमाण्डौः आशिष पुस्तक भण्डार ।

अधिकारी, रेषराज र खत्री बालकृष्ण (२०६३), *समाजशास्त्र, मानवशास्त्रका शैद्धान्तिक दृष्टिकोण,* काठमाण्डौ विद्यार्थी भण्डार ।

आधारभुत तथा प्राथमिक शिक्षक परियोजना (२०५३), सानो ठिमी भक्तपुरः *प्राथमिक शिक्षक एकाई ।*

आर्चाय, जयनारायण (२००४): *माध्यामिक तहको सामाजिक शिक्षा शिक्षणमा शैक्षिक सामाग्रीको उपलब्धता तथा प्रयोग* (अप्रकाशित स्नात्तकोतर शोधपत्र), किर्तीपुर काठमाण्डौः त्रि.वि. शिक्षा मन्त्रालय, शिक्षा शास्त्र संकाय ।

उपाध्याय, प्रा.डा. श्री प्रसाद र साथीहरु (२०५७), *शिक्षक निर्देशिका सामाजिक अध्ययन*

*(कक्षा ९ र १०),* सानोठीमी भक्तपुरः शिक्षा मन्त्रालय, पाठ्यकम विकस केन्द्र ।

ऐर, सुरेन्द्र सिंह (२०६७), *सामाजिक अध्ययन विषयको पाठ्यकम कार्यान्वियनको अवस्था*

(अप्रकाशित स्नात्तकोत्तर शोध पत्र), किर्तीपुर काठमाण्डौः त्रि.वि. शिक्षा शास्त्र संकाय ।

खनाल, पेशल (२०६७), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाण्डौंः सनलाइट पब्लिकेशन

(स्टुडेन्स् बुक्स) ।

खनाल, लोकराज (२०६७), *माध्यमिक तहमा सामाजिक अध्ययन शिक्षण* (अप्रकाशित शोध स्नातकोतर शोधपत्र) किर्तीपुर काठमाण्डौ त्रि.वि. शिक्षा शास्त्र सङ्काय ।

गौतम, टिकाराम र अधिकारी, शेशराज(२०६४), *समाजशास्त्रीय र मानवशास्त्रीय अनुसन्धान पद्धती,* भोटाहीटी काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार ।

घिमिरे, राजमणी(२०६३), *प्राथमिक तहका सामाजिक शिक्षा कार्यान्वयनको अवस्था एक अध्ययन* (अप्रकाशीत स्नात्तकोत्तर शोध पत्र) किर्तीपुर काठमाण्डौः त्रि.वि. शिक्षा शास्त्र संकाय ।

ढकाल, डिल्लीप्रसाद (२०५७), *सार्वजनिक विद्यालयमा सामाजिक शिक्षा शिक्षण विधी र विद्यार्थी उपलब्धी एक अध्ययन* (अप्रकाशीत शोधपत्र), किर्तीपुर काठमाण्डौः त्रि.वि.वि शिक्षाशास्त्र संकाय ।

ढकाल, माधवप्रसाद (२०६२), *माध्यामिक शिक्षाका लागि हाते पुस्तक,* काठमाण्डौः रत्न पुस्तक भण्डार ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), *शिक्षक निर्देशीका, सानोठीमी भक्तपुरः* शिक्षा मन्त्रालय ।

पाठ्यक्रम विकास केन्द्र (२०६८), *सामाजिक अध्ययन* (कक्षा १०), सानोठीमी भत्तपुरः जनक शिक्षा सामाग्री केन्द्र लिमीटेड ।

पाठ्यक्रम विकास केन्द्र (२०६७), *सामाजिक अध्ययन (कक्षा १०),* सानोठीमी भक्तपुरः जनकशिक्षा सामाग्री केन्द्र लिमिटेड ।

पांडे, रामकुमार (२०५३),*सामाजिक शिक्षा सिद्धान्त,* भोटाहीटी काठमाण्डौः रत्न पुस्तक भण्डार ।

भट्ट, टिकेन्द्रप्रसाद (२०६८), *पाठ्यक्रम मूल्याङ्कन तथा अनुसन्धान,* काठमाण्डौः हेरिटेज पब्लीसर्स एण्ड डिस्ट्रीब्युटर्स प्रा.लि. ।

माध्यामिक पाठ्यकम परिचायात्मक तालिम पुस्तिका (२०५६), *समाजिक अध्ययन,* सानोठीमी भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

माध्यामिक शिक्षा पाठ्यक्रम भाग-१ (२०६४), सानोठीमी भक्तपुरः पाठ्यकम विकास केन्द्र ।

लुईटेल, डिल्लीराम के.सी. मेघ बहादुर र साथीहरु (२०६८/६९), *माध्यामिक शिक्षक प्रतियोगिता दिग्दर्शन,* डिल्लीबजार काठमाण्डौः मकालु प्रकाशन गृह ।

शर्मा एण्ड शर्मा (२०६५), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाण्डौः एम के पब्लिसर्स एण्ड डिस्ट्रब्यटर्स ।

शर्मा एण्ड शर्मा (२०६८), *शिक्षा मनोविज्ञान भोटाहीटी काठमाण्डौः* एम.के पब्लिसर्स एण्ड डिस्ट्रीब्युटर्स

श्रेष्ठ,शरणहरी (२०६६), शिक्षाको परिचय, काठमाडौंः एस.के पब्लिकेसन ।

Aggrawal, J.C. (1982), *Teaching for social studies*, New Delhis: Vikash Publishing House.

Jovolimilk and walsh (1974), *Reading for social studies in elementary education (third edition),* New York: Maemillan Publishing co.Inc.

Singh, A.K.(1997): Test Measurement and Research Method in Behavioural Science, New Delhi: Tata Graw Vill Publishing Co. Ltd.

## अनुसूची-१

## विषय शिक्षकका लागि अन्तर्वार्ता प्रश्नावली

विद्यालयका नामः- शैक्षिक योग्यताः-

शिक्षकको नामः- विषय शिक्षण अनुभवः-

ठेगानाः-

१. माध्यामिक तहमा पढाई हुने सामाजिक अध्ययन विषयको बारेमा केही बताईदिनु हुन्छ, कि?

..............................................................................................................

..............................................................................................................

.......

२. तपाईसँग यस विषयको पाठ्यक्रम र पाठ्यपुस्तक उपलब्ध छ ?

..............................................................................................................

..

..............................................................................................................

..

३. सामाजिक अध्ययन विषय भित्र कुन कुन विषयवस्तुहरुलाई समेटिएको छ ?

..............................................................................................................

..............................................................................................................

..........

४. के यस विषयमा अन्य विषयवस्तु एकीकृत गर्नु आवश्यक छ ?

..............................................................................................................

..............................................................................................................

.......

५. यस विषयको पाठ्यकमले निर्धारण गरेका उद्देश्यहरुलाई सम्पूर्ण एकीकृत विषयवस्तुलाई समेटेको छ ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………

…….

६. एकीकृत गरिएका सम्पुर्ण विषयवस्तुहरु सजिलै अध्यापन गराउन सक्नु हुन्छ कि हुदैन ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………

……….

७. यस विषयमा एकीकृत गरिएका विषयवस्तुहरु समसामयिक छन् ?

…………………………………………………………………………………………………

८. यस विषय अध्ययन गर्नको लागि तपाई तालिम प्राप्त हनुहुन्छ ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………

…….

९. तपाईले लिनुभएको तालिम कतिको प्रभावकारी ठान्नु भएको छ ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………

…….

१०. सामाजिक अध्ययन अध्यापन गर्दा शिक्षक निर्देशिका प्रयोग गर्नु हुन्छ ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………

……….

११. विद्यालयमा शिक्षक निर्देशिका अनुसार सामाजिक अध्ययन विषय शिक्षणका लागि आवश्यक पर्ने शैक्षिक सामाग्रीहरु उपलब्ध छन् ?

……………………………………………………………………………………………………

……………………………………………………………………………………………

…….

१२. अध्यापन गर्दा सवै एकाईहरुको लागि शैक्षिक सामाग्री प्रयोग गर्नुहुन्छ ?

..............................................................................................................

..........................................................................................................

.......

१३. यस विषय अध्यापनको क्रममा के-कस्ता शिक्षण विधिहरु अवलम्वन गर्नुहुन्छ ?

..............................................................................................................

..........................................................................................................

.......

१४. के ती विधिहरु प्रयाप्त छन् ?

..............................................................................................................

..........................................................................................................

.......

१५. विद्यार्थीहरुको शैक्षिक उपलव्धी मापन गर्न मुल्याङ्कनको कुन साधन प्रयोग मान्दैछन् ?

..............................................................................................................

..........................................................................................................

.......

१६. के तपाई सामाजिक अध्ययन अध्यापन कार्यबाट सन्तुष्ट हुनुहुन्छ ?

१७. विद्यार्थीहरु सामाजिक अध्ययन विषय पढ्न चाख मान्दछन् वा मान्दैनन् ?

..............................................................................................................

..............................................................................................................

.......

१८. यी विषय एकीकृत विषय भएकोले कस्तो शैक्षिक योग्यता भएको शिक्षक आवश्यक पर्छ ?

..............................................................................................................

..........................................................................................................

.......

१९.यी विषय अध्यापन गराउँदा के कस्ता समस्याहरु आईपरेका छन् ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

…….

२०. उक्त समस्याहरु समाधानमा के कस्ता उपयहरु अपनाउनु हुन्छ ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

……..

२१. माध्यामिक तहमा सामाजिक अध्ययन विषयलाई अझ प्रभावकारी बनाउन के गर्नुपर्ला ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

……

२२. यस विषयमा समावेश गरिएका विषय वस्तुको संगठनात्मक संरचना कस्तो रहेको छ ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

…….

२३. यस विषयको पाठ्यक्रममा राखिएका विषयवस्तुहरु विद्यार्थीको रुची, चाहाना, आवश्यकता, क्षमता र बातावरण सँग कतिको सम्बन्धित छ ?

………………………………………………………………………………………………………

………………………………………………………………………………………………………

……..

## अनुसूचि-२

### बिषय विषेशज्ञ/स्रोत ब्यक्तिका लागि समुह छलफल निर्देशिका

स्रोत केन्द्रको नामः-

स्रोत व्यक्तिको नामः- शैक्षिक योग्यता :-

ठेगनाः- पदावधिः-

१. माध्यमिक तहको सामाजिक अध्ययन विषयको पाठ्यक्रममा कुन-कुन विषयलाई एकिकृत गरिएका छन् ?

..................................................................................................................

..................................................................................................................

...

२. ती विषय एकिकृत गर्नुको मूख्य औचित्य के रहेको छ ?

..................................................................................................................

....

.................................................................................................................

३. एकिकृत गरिएको विषय वस्तु र उद्देश्यको तालमेल कस्तो छ ?

..................................................................................................................

....

..............................................................................................................

४. माध्यमिक तहको विद्यार्थीहरुको बाल मनोविज्ञानलाई ध्यानमा राखेर विषय वस्तु समावेश गरिएको छ की छैन ?

.......................................................................................................

.......................................................................................................

५. उक्त विषय वस्तुको संगठनात्मक स्वरूप कस्तो रहेको छ ?

..................................................................................................................

....

...........................................................................................................

६. एकिकृत गरिएका विषय वस्तुको क्षेत्र र क्रम कस्तो छ ?

............................................................................................

७.उक्त विषयवस्तुको लम्बिय र क्षितिजिय सङ्गठन कस्तो छ ?

............................................................................................

## अनुसुची-३

## विषय शिक्षकको नामावली

| नाम | विद्यालयको नाम | योग्यता |
|---|---|---|
| शशि श्रेष्ठ | श्री शिक्षासदन उ.मा.वि | वि.ए.वि.एड |
| शंकर भण्डारी | श्री ल्याव्रोटरी उ.मा.वि | वि.ए.वि.एड |
| चन्द्र प्र. सिग्देल | श्री प्रकाश उ.मा.वि | एम.एड |
| पदम बहादुर अधिकारी | श्री सरस्वती सतन मा.वि | वि.कम,वि.एड |
| जानकी चौधरी | आदर्श उ.मा.वि | वि.ए.वि.एड |

## विषय विशेषज्ञ र स्रोत व्यक्तिको नामावली

| नाम | ठेगाना | योग्यता |
|---|---|---|
| हिम प्र.ओझा | श्री शिक्षा सदन | वि. ए |
| तोयानाथ दाहाल | प्रकाश उ.मा.वि. | एम.ए |
| आनन्द चौधरी | श्री सरस्वती सदन | एम.ए.वि.एड |
| ओम कोइराला | प्रकाशपुर | वि.एड |
| युवराज | भा.सी | एम.एड |